# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक २२० काठमाडौं आइतबार, २५ मंसिर २०७९ Prabhab National Daily Sunday, December 11, 2022 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# दलले चुने ११० समानुपातिक सांसद

■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रिय दलको रूपमा मान्यताप्राप्त राजनीतिक दलहरूले समानुपातिक सांसद चयन गरेका छन् । दलहरूले चयन गरिएका समानुपातिक सांसदहरूको सूची शनिबार निर्वाचन आयोगमा बुझाएका छन् ।

संघीय संसद्मा समानुपातिक चुनाव प्रणालीमार्फत सात दलबाट कूल ११० जना सांसद चुनिएका हुन् । २७५ सांसद हुने संघीय संसद्मा यसअघि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)बाट १६५ जना सांसद निर्वाचित भइसकेका छन् । समानुपातिकतर्फ सात वटा दलले 'थ्रेस होल्ड' कटाएका छन् । कूल सदर मतको तीन प्रतिशत मत कटाउने दलले मात्र सांसद पाउने व्यवस्था रहेको छ ।

समानुपातिकतर्फ सबैभन्दा धेरै मत पाएर पहिलो दल बनेको नेकपा एमालेले ३४ सांसद पाएको छ । एमालेले त्यसैअनुसार ३४ जनाको नाम चयन गरी आयोगमा पेस गरेको छ । यसैगरी नेपाली कांग्रेसले ३२, नेकपा माओवादी केन्द्रले १४, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले १३, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सात, जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टीले समान पाँच-पाँच जना समानुपातिक सांसद चुनेका छन् ।

निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले दलहरूले बुझाएको सूचीमा अब आयोगले छानविन गर्ने बताए । 'दलबाट संसद्मा प्रतिनिधित्व गर्ने महिला सांसदको संख्या एक तिहाइ छ कि छैन, त्यो हेर्छौं । दोस्रो, यसअघि बुझाएको बन्द सूचीमा रहेको क्रमअनुसार सांसदको सूची छ कि छैन ? क्लस्टर मिलाएको छ कि छैन ?,' उनले प्रभावसँग भने, 'मिलेको भए प्रतिवेदन तयार गरेर राष्ट्रपतिलाई बुझाउँछौं । छैन भने फेरि मिलाएर पठाउन दुई दिनको समय दिन्छौं ।'

एमालेले आयोगमा बुझाएको समानुपातिक बन्द सूचीमा आदिवासी जनजातितर्फ देवीप्रसाद भट्टचन, हेमराज राई, कालुराम राई, नैनकला थापा मगर, सूर्यकुमारी श्रेष्ठ, उर्मिला थेवे, ईश्वरी घर्ती, रणकुमारी बलम्पाकी मगर, शान्ति श्रेष्ठ र सरस्वती सुब्बा रहेका छन् । खस आर्यतर्फ रघुजी पन्त, एकनाथ ढकाल, दयालबहादुर शाही, मेनुकाकुमारी पोखरेल, सरिता भुसाल, शोभा ज्ञवाली, बिजुला रायमाझी, निर्मला कोइराला, सम्झना थपलिया, दीपा शर्मा र सुनिता बराल चुनिए ।

थारु क्लस्टरबाट आश्माकुमारी चौधरी र शान्ति चौधरी तथा दलिततर्फ ईश्वरबहादुर रिजाल, प्रभु हजारा पासवान, चन्द्रबहादुर विश्वकर्मा, रुक्मिणी राणा बराइली र हर्कमाया विश्वकर्मा चुनिएको एमालेले जानकारी दिएको छ । साथै, एमालेले मधेसीतर्फ गंगाप्रसाद यादव, अमृतराज लालवंशी, बिनादेवी, अमृतादेवी अग्रहरी, प्रतीक्षा तिवारी मुखिया तथा मुस्लिमतर्फ सराज अहमद फारुखीलाई समानुपातिक सांसदको सूचीमा समावेश गरेको छ ।

कांग्रेसले आदिवासी जनजातितर्फ सरस्वती बजिमय, लिलादेवी बोखिम लिम्बू, सीताकुमारी राना, सुशीला थिङ, सपना राजभण्डारी, माया राई, कुसुम थापामगर र मनोरमा शेरचनलाई चयन गरेको छ । खस आर्यतर्फ प्रकाशशरण महत, अम्बिका बस्नेत, सरिता प्रसाईं, आरजु राणा देउवा, ईश्वरी न्यौपाने, प्रतिमा गौतम, मञ्जु खाण, रमा कोइराला पौडेल, कान्तिका सेजुवाल र मैना रावल कार्की चुनिएका छन् ।

मधेसीतर्फ विमलेन्द्र निधि, नागिना यादव, मुक्ताकुमारी यादव, चन्दा चौधरी, संगीता मण्डल, निनुकुमारी कर्ण र दलिततर्फ जीवन परियार, शान्ति विक, रूपा विक, सीता मिजार, आशा विक चुनिँदा थारुतर्फ कल्पना चौधरी र विनाकुमारी थनेत चुनिएको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले जानकारी दिए । यसैगरी मुस्लिमतर्फबाट जावेदा खातुन जागा चुनिएका छन् । (बाँकी पृष्ठ २ मा)

### नेकपा एमाले

**आदिवासी जनजाति**
देवीप्रसाद भट्टचन, हेमराज राई, कालुराम राई, नैनकला थापामगर, सूर्यकुमारी श्रेष्ठ, उर्मिला थेवे, ईश्वरी घर्ती, रणकुमारी बलम्पाकी, शान्ति श्रेष्ठ, सरस्वती सुब्बा

**खस आर्य**
रघुजी पन्त, एकनाथ ढकाल, दयालबहादुर शाही, मेनकाकुमारी पोखरेल, सरिता भुसाल, शोभा ज्ञवाली, बिजुला रायमाझी, निर्मला कोइराला, सम्झना थपलिया, दिपा शर्मा, सुनिता बराल

**थारु**
अस्माकुमारी चौधरी, शान्ती चौधरी

**दलित**
ईश्वरबहादुर रिजाल, प्रभु हजारा, चन्द्रबहादुर विश्वकर्मा, रुक्मणी राना बराइली, हर्कमाया विश्वकर्मा

**मधेसी**
गंगाप्रसाद यादव, अमृतलाल राजवंशी, बिना देवी, अमृतादेवी अग्रहरी, प्रतीक्षा तिवारी

**मुस्लिम**
सराज अमहद फारुकी

### नेपाली कांग्रेस

**आदिवासी जनजाति**
सरस्वती बजिमय, लिलादेवी बोखिम, सीताकुमारी राना, सुशीला थिङ, सपना राजभण्डारी, माया राई, कुसुम थापामगर, मनोरमा शेरचन

**खस आर्य**
प्रकाशशरण महत, अम्बिका बस्नेत, सरिता प्रसाईं, आरजु राणा देउवा, ईश्वरी न्यौपाने, प्रतिमा गौतम, मञ्जु खाण, रमा कोइराला पौडेल, कान्तिका सेजुवाल, मैना रावल कार्की

**मधेसी**
विमलेन्द्र निधि, नागिना यादव, मुक्ताकुमारी यादव, चन्दा चौधरी, संगीता मण्डल, निनुकुमारी कर्ण

**दलित**
जीवन परियार, शान्ति विक, रूपा विक, सीता मिजार, आशा विक

**थारु**
कल्पना चौधरी, विनाकुमारी थनेत

**मुस्लिम**
जावेदा खातुन जागा

### नेकपा माओवादी केन्द्र

**आदिवासी जनजाति**
दुर्गा राई, मिना तामाङ, उर्मिला माझी पौडेल, छिरिङल्हामु लामा तामाङ

**खस-आर्य**
हितराज पाण्डे, ज्ञानु बस्नेत सुवेदी, विमला सुवेदी, नारायणी शर्मा

**थारु**
रूपा सोसी चौधरी

**दलित**
रणेन्द्र बराली, सुशीला श्रीपाली ठकुरी

**मधेसी**
मिना यादव, उमरावतीदेवी यादव

**मुस्लिम**
कल्पना मियाँ

### राष्ट्रिय स्वतन्त्र पार्टी

**आदिवासी जनजाति**
डा. ढाकाकुमार श्रेष्ठ, इन्दिरा राना मगर, सुमना श्रेष्ठ

**खस आर्य**
डोलप्रसाद अर्याल, डा. चन्दा कार्की, निशा डांगी, विनिता कठायत

**मुस्लिम**
असिम साह

**मधेसी**
मनिष झा, लक्ष्मी तिवारी

**थारु**
अशोक चौधरी

**दलित**
सन्तोष परियार, शिव नेपाली

### राष्ट्रिय प्रजातन्त्र पार्टी

पशुपतिशमशेर जबरा, रोशन कार्की, गीता बस्नेत, बुद्धिमान तामाङ, बिना लामा, बिना जयसवाल, अनिता नेपाली

### जनता समाजवादी पार्टी

प्रकाश अधिकारी, सहनाज रहमान, सुशीला श्रेष्ठ, रेखा यादव, रञ्जु ठाकुर

### जनमत पार्टी

अनिता साह, सोनु मुर्मु, विनिताकुमारी सिंह, अब्दुल खान, गोमा लामा सापकोटा

## २६ गते सांसद घोषणाको साइत

■ निर्वाचन आयोगले समानुपातिकतर्फका सांसदहरू निर्वाचित भएको घोषणा २६ मंसिरमा गर्ने तयारी गरेको छ । शनिबार दलहरूले बुझाएको नामावली जाँचबुझ गरेपछि घोषणा गर्ने तयारी गरिएको आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले जानकारी दिए । उनले समानुपातिकतर्फबाट सांसदहरू निर्वाचित भएको एक साताभित्र चुनावसम्बन्धी प्रतिवेदन राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाउने बताए ।

## समानुपातिक चयनमा परिवारवाद हाबी

■ लोकतान्त्रिक भनिएको दल कांग्रेसको समानुपातिकतर्फको सूचीमा प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्री बालकृष्ण खाणकी पत्नीको नाम पनि समावेश भएको छ । प्रधानमन्त्री पत्नी आरजु देउवा राणा र गृहमन्त्री खाणकी पत्नी मञ्जु महिलातर्फबाट सांसद भएकी हुन् ।

कांग्रेस मात्र होइन, नेकपा एमालेका महासचिव शंकर पोखरेलले पनि आफ्नी बहिनी मेनकाकुमारी पोखरेललाई समानुपातिक सांसद बनाएका छन् । अर्का नेता रामबहादुर थापाकी पत्नी नैनकला थापा मगरलाई पनि एमालेले सांसद बनाएको छ । माओवादीका उपमहासचिव जनार्दन शर्माकी बहिनी नारायणी शर्मा समानुपातिक सांसदमा चयन भएकी छन् ।

## भुसाल र साह एमालेबाट निष्कासित

■ नेकपा एमालेले स्थायी कमिटी सदस्य घनश्याम भुसाल र प्रभु साहलाई पार्टीबाट निष्कासन गरेको छ । शनिबार ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा बसेको सचिवालय बैठकले निर्वाचनमा पार्टी गतिविधिविरुद्ध काम गरेको भन्दै भुसाल र साहलाई पार्टीबाट हटाएको एमाले प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।

यस्तै पार्टीले उपेन्द्र साह (रौतहट), कुन्दन कुसवाह (रौतहट), रामप्रित र ाम (सिराहा), बद्री न्यौपाने (सर्लाही), र ीता साह (सर्लाही), गंगा चौधरी (दाङ) र टेकबहादुर बलम्पाखी (महोत्तरी)लाई पनि केन्द्रीय सदस्यबाट निष्कासन गरिएको उनले जानकारी दिए । (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

## सूर्य कर्पोरसनमा विभागको छापा

# ८० भन्दा बढी पासपोर्ट बरामद

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले डिल्लीबजारस्थित एक शैक्षिक परामर्श केन्द्र (एजुकेसन कन्सल्टेन्सी)मा छापा मारेको छ । विदेश जाने विद्यार्थीलाई शैक्षिक परामर्श दिने अनुमति लिएर सञ्चालित कन्सल्टेन्सीबाट अवैधरूपमा वैदेशिक रोजगारीको गतिविधि भइरहेको सूचनाको आधारमा विभागले सूर्य कर्पोरिसन नामक कन्सल्टेन्सीमा शुक्रबार छापा मारेको हो ।

शैक्षिक परामर्श दिने बताइए पनि उक्त कन्सल्टेन्सीले वैदेशिक रोजगारीका लागि अमेरिका, क्यानडा र जापानलगायतका मुलुकमा पठाउने भन्दै पासपोर्ट संकलन गर्ने गरेको उजुरीका आधारमा छापा मारिएको विभागले जनाएको । शुक्रबार दिउँसो विभागको र्‍यापिड रेस्पोन्स टिम (आरआरटी)ले कन्सल्टेन्सीमा छापा मारी ८० भन्दा बढी पासपोर्ट र छ जना कर्मचारीलाई नियन्त्रणमा लिएको छ । नियन्त्रणमा लिइएका कन्सल्टेन्सीका कर्मचारीलाई प्रहरीको जिम्मा लगाइएको छ । कन्सलटेन्सीका सञ्चालक भने फरार रहेको विभागले जनाएको छ ।

विभागले कन्सल्टेन्सीबाट पासपोर्ट मात्र नभई वैदेशिक रोजगारीसँग सम्बन्धित गतिविधि पुष्टि हुने कागजात पनि बरामद गरेको जनाएको छ । कन्सल्टेन्सी, यसका सञ्चालक र पक्राउ परेका कर्मचारीहरूमाथि हुने कारबाहीका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको विभागका निर्देशक एवं सूचना अधिकारी कृष्ण भुसालले बताए ।

> फरार रहेका कन्सल्टेन्सी सञ्चालक शम्भु लामिछानेले भिजिट, ट्रेनिङ तथा वर्किङ भिसा मिलाइदिने नाममा अवैध कार्य गर्दै आएको विभागको भनाइ

पछिल्लो समय विभागमा विदेश पढ्न जाने विद्यार्थीहरूलाई शैक्षिक परामर्श दिने भनेर सञ्चालन भइरहेका केही कन्सल्टेन्सीले वैदेशिक रोजगारीमा कामदार पठाउने आश्वासन दिएर ठगी गरेका उजुरीहरू पर्ने गरेको भुसालले बताए । उनले कन्सल्टेन्सीलगायत ट्राभल एजेन्सी र व्यक्तिबाट वैदेशिक रोजगारीको नाममा ठगिएका पीडितसँग यथेष्ट प्रमाण नहुँदा विभागलाई कारबाहीको प्रक्रिया बढाउन कठिनाइ पर्ने गरेको बताए ।

कन्सल्टेन्सीका सञ्चालक शम्भु लामिछानेले भिजिट, ट्रेनिङ तथा वर्किङ भिसा मिलाइदिने भन्दै पासपोर्ट संकलन गर्न लगाउने गरेको बुझिएको छ । लामिछानेले यसअघि पनि जापान, अस्ट्रेलिया, अमेरिकामा विभिन्न कार्यक्रम आयोजना गर्ने नाममा नेपाली युवाहरूलाई लैजाने गरेको र उनीहरूबाट १० लाख रूपैयाँभन्दा बढी असुल गर्ने गरेको जानकारहरू बताउँछन् । चार वर्षअघि सूर्य अवार्डका नाममा दर्जनौं कलाकार र विभिन्न व्यक्तिहरू जापान लैजाने र प्रमुख अतिथि सशस्त्र प्रहरी बलका तत्कालीन आइजिपी शैलेन्द्र खनाललाई बनाउने भनेर कार्यक्रम तय भए पनि अन्तिममा लामिछानेको ठगीधन्दा बाहिरिएपछि कार्यक्रम रद्द भएको एक कन्सल्टेन्सी व्यवसायीको भनाइ छ । ती व्यवसायीका अनुसार लामिछानेले त्यतिखेर विभिन्न व्यक्तिसँग उठाएको रकम अझै फिर्ता गरेका छैनन् ।

पछिल्लो समय (असोज) दसैंताक अस्ट्रेलियामा 'साकुरा नाइट' कार्यक्रम गर्ने भन्दै कन्सल्टेन्सीले पत्रकार सम्मेलन नै गरेको थियो । यही डिसेम्बर १३ देखि २१ सम्म कार्यक्रम गर्ने तयारीमा जुटेको कन्सल्टेन्सीले अनधिकृतरूपमा पासपोर्ट तथा रकम संकलन गरेको बुझिएको छ । अस्ट्रेलियापछि जापान, दुबई, कोरिया, न्युजिल्याण्ड, युरोप, युके, क्यानडा, अमेरिकालगायतका मुलुकमा साकुरा नाइट गर्ने योजनाका साथ अवैधरूपमा रोजगारीको प्रलोभनमा पारी पासपोर्ट र रकम संकलन गरिरहेको कन्सल्टेन्सीको सपनामा विभागले तुसारापात गरेको छ ।

## वैदेशिक रोजगार व्यवसायीले दिए मन्त्रीलाई बधाई

**काठमाडौं (प्रस)–** मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरलाई वैदेशिक रोजगार व्यवसायीले बधाई दिएका छन् । वैदेशिक रोजगार व्यवसायी संघका संयोजक विमल ढकालको नेतृत्वमा व्यवसायीहरूको एक समूहले मन्त्रालयमा पुगी संघीय सांसदमा निर्वाचित मन्त्री कुँवरलाई बधाई दिएको हो ।

मन्त्री कुँवरले सबैको साथ सहयोगका कारण निर्वाचित हुन सफल भएको भन्दै धन्यवाद व्यक्त गरे । उनले आफू मन्त्रीको भूमिकामा रहे पनि नरहे पनि वैदेशिक रोजगार क्षेत्रलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउन भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे । साथै, वैदेशिक रोजगारीको सम्बन्धमा व्यवसायीहरू पुऱ्याएको योगदानको प्रशंसासमेत गरे ।

त्यस्तै, वैदेशिक रोजगार व्यवसायी संघले पूर्वव्यवसायीसमेत रहेका प्रतिनिधिसभाका नवनिर्वाचित सांसदद्वय एलपी साँवा लिम्बू र कृष्णकुमार श्रेष्ठलाई बधाई तथा सम्मान गरेको छ । संघका संयोजक ढकालसहित तदर्थ समितिका सदस्य र व्यवसायीहरूले एक कार्यक्रमकाबीच बधाई एवं सम्मान गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरे । कार्यक्रममा पूर्वश्रममन्त्रीसमेत भइसकेका नवनिर्वाचित सांसद श्रेष्ठले मन्त्रालयको जिम्मेवारी सम्हालिसकेका कारण वैदेशिक रोजगारको क्षेत्रमा भएका समस्या र समाधानका विषयमा संसद्मा पर्याप्त आवाज उठाउने र नीतिगतरूपमा दबाब दिने बताए ।

यस्तै संघका पूर्वअध्यक्षसमेत रहेका अर्का नवनिर्वाचित सांसद लिम्बूले वैदेशिक रोजगार व्यवसाय र व्यवसायीहरूको समस्याका बारेमा आफूभन्दा जानकार संसद्मा कोही नभएको भन्दै यस क्षेत्रको समस्या निराकरण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताए । श्रेष्ठ बारा क्षेत्र नं. ४ र लिम्बू झापा क्षेत्र नं. ४ बाटै निर्वाचित भएका हुन् ।







**सन्ध्याकालीन सांस्कृतिक पदयात्रा** भक्तपुर नगरपालिकाले आयोजना गरेको सन्ध्याकालीन साँस्कृतिक पदयात्रा, योमरी प्रदर्शनी, खाद्यउत्सव तथा साँस्कृतिक सम्पदा पदयात्रामा सहभागी हुँदै नगरप्रमुख सुनिल प्रजापतिलगायत । *तस्बिरः रमेश गिरी/रासस*

# 'पीडितलाई यथाशीघ्र न्याय उपलब्ध गराउन सरकार सचेत छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवाले द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित परिवारलाई यथाशीघ्र न्याय उपलब्ध गराउने प्रतिज्ञा गरेका छन् । शनिबार ७४औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगले आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले द्वन्द्वपीडित र परिवारलाई यथाशीध्र न्याय दिन सरकार सचेत रहेको बताएका हुन् ।

'मानवअधिकारको विशेष संरक्षण र संवर्द्धन गर्न सरकार प्रतिबद्ध छ,' उनले भने, 'द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित र पीडित परिवारलाई यथाशीघ्र न्याय गर्न सरकार सचेत छ ।' उनले राष्ट्रिय मानवअधिकार आयोगको कामको प्रशंसा गर्दै आयोगका समस्या र गुनासोको सम्बोधन गर्ने आश्वासनसमेत दिए ।

कार्यक्रममा आयोगका अध्यक्ष तपबहादुर मगरले सशस्त्र द्वन्द्वकालीन पीडितको न्याय विषय अनिश्चित बन्दै गएको बताएका थिए । 'संक्रमणकालीन न्यायका संयन्त्रहरूलाई अधिकार सम्पन्न बनाउने कार्यमा सर्वोच्च अदालतको आदेश, यस आयोगको सिफारिस र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल कानुनी व्यवस्था हुन नसक्दा सशस्त्र द्वन्द्वकालीन पीडितहरूको न्यायको विषय अनिश्चित बन्दै भएको छ,' उनले भने ।




फौजदारी कसूरका आरोपी तथा पुर्पक्षमा रहेका व्यक्ति र आयोगले मानवअधिकार उल्लंघनमा दोषी भनी कारबाहीका लागि सिफारिस गरेका व्यक्तिलाई समेत राजनीतिक दलले उम्मेदवार बनाएको भन्दै उनले असन्तुष्टि व्यक्त गरे । लैंगिक हिंसा, जातीय विभेद तथा छुवाछूतका घटनामा पीडितको न्यायमा सहज पहुँच नभएको गुनासो गरे । उनले भने, 'समावेशितालाई संविधानअनुसार अंगीकार गरी कार्यान्वयनमा ल्याउनु सरकार, राजनीतिक दल र सबै सरकारको दायित्व हो । तर, निर्वाचनमा समानुपातिक समावशिताको विषय केवल कानुनी र प्राविधिक विषयमात्र बन्नु दुःखद् पक्ष हो ।'

कार्यक्रममा डा. गौरी शंकरलाल दास र प्रतिमा गुरुङलाई स्व. दयाराम स्मृति सम्मानबाट पुरस्कृतसमेत गरिएको छ । यस वर्ष सबैका लागि मर्यादा, स्वतन्त्रता र न्याय भन्ने मूल नाराका साथ ७४औं अन्तर ाष्ट्रिय मानवअधिकार दिवस मनाइएको हो । सन् १९४८ को डिसेम्बर १० का दिन मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको थियो । यो घोषणापत्र जारी भएको दिनलाई अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका रूपमा मनाउँदै आइएको छ ।

## दलले चुने...

पृष्ठ १ बाट जारी

सत्तारूढ दल माओवादी केद्रबाट आदिवासी जनतातितर्फ दुर्गा राई, मीना तामाङ, उर्मिला माझी पौडेल, छिरिङल्हामु लामा तामाङ चुनिएका छन् । खस आर्यतर्फ हितराज पाण्डे, ज्ञानु बस्नेत सुवेदी, विमला सुवेदी र नारायणी शर्मा तथा थारुतर्फ रूपा सोसी चौधरी चयन भएका छन् । यसैगरी दलिततर्फ रणेन्द्र बराली र सुशीला श्रीपाली ठकुरी छानिँदा मधेसीतर्फ मीना यादव र उमरावतीदेवी यादव तथा मुस्लिमतर्फ कल्पना मियाँ छानिए । उमरावती नेपाल समाजवादी पार्टीकी भए पनि माओवादीले समानुपातिक सांसद बनाएको हो ।

नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीले पनि समानुपातिकतर्फ १३ जनाको नाम सिफारिस गरेको छ । शनिबार बसेको दलको बैठकले समावेशी सिद्धान्तका आधारमा सांसदहरूको सूची पेस गरेको हो । उक्त दलले दलिततर्फबाट सन्तोष परियार र शिव नेपाली, आदिवासी जनजातितर्फ डा. ढाकाकुमार श्रेष्ठ, इन्दिरा मगर र सुमना श्रेष्ठको नाम सिफारिस गरेको छ ।

खस आर्यबाट डा. चन्दा कार्की, डोलप्रसाद अर्याल, निशा डाँगी र विनिता कठायत तथा मधेसीतर्फबाट लक्ष्मी तिवारी र मनिष झा तथा थारुतर्फ अशोककुमार चौधरी सूचीमा परेका छन् । मुस्लिमतर्फ अशिम साहको नाम सिफारिस भएको छ ।

राप्रपाले पनि बन्दसूचीमा रहेका नामबाट सांसद निर्वाचित हुनेको नाम आयोगमा सिफारिस गरेको छ । सात सिट पाएको राप्रपाले पशुपतिशमशेर जबरा, रोशन कार्की, गीता बस्नेत, बुद्धिमान तामाङ, बिना लामा, बिना जयसवाल र अनिता नेपालीलाई समानुपातिक सांसद चयन गरी आयोगमा सिफारिस गरेको छ ।

जनमत पार्टीले अनितादेवी साह, सोनु मुर्मु, विनिताकुमारी सिंह, गोमा सापकोटा र अब्दुल खानको नाम समावेश गरेर सूची पेस गरेको हो । जसपाले पुरुषतर्फ प्रकाश अधिकारी र सहनाज रहमानको नाम आयोगसमक्ष सिफारिस गरेको छ । महिलामा सुशीला श्रेष्ठ, रन्जु झा र रेखा थापा यादवको नाम सिफारिस भएको छ ।

## भुसाल र साह...

पृष्ठ १ बाट जारी

पार्टीका केन्द्रीय सल्लाहकार ताप्लेजुङका वाङ्दे शेर्पा, कञ्चनपुर का खेम सुवेदी र भक्तबहादुर अधिकारी तथा कैलालीका लक्ष्मी शाह तथा पार्टीको समानुपातिक सूचीमा भएर पार्टीविरोधी गतिविधिमा रहेको भन्दै जैतुन खातुनलाई पनि कारबाही गरिएको गुरुङले जानकारी दिए ।

# सिंहदरबारभित्रका पुराना सवारीसाधन लिलाम बिक्री गर्न परिपत्र

**काठमाडौं-** सिंहदरबार परिसरभित्रका काम नलाग्ने र बिग्रिएका सवारीसाधन बिक्री गर्न केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिले सबै मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिएको छ ।

मुख्यसचिव शंकरदास बैरागीको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको मंसिर १३ गते बसेको ६३औं बैठकले निर्णय कार्यान्वयनका लागि सबै मन्त्रालय र निकायलाई परिपत्र गरिएको हो । 'सिंहदरबार परिसरभित्र रहेका विभिन्न निकायका पुराना सवारीसाधनको उचित व्यवस्थापनका लागि तत् तत् निकायले कानुनबमोजिम लिलामी प्रक्रिया तत्काल अघि बढाउन निर्देशन छ,' समितिको परिपत्रमा भनिएको छ ।

त्यस्तै, सिंहदरबार परिसरभित्रको सुरक्षा व्यवस्था, ट्राफिक लाइट र सौन्दर्यकरणजस्ता कार्यका लागि सम्बन्धित निकायलाई पहल गर्न पनि निर्देशन दिइएको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार, सम्भावित शीतलहरबाट हुने असर न्यूनीकरण, संयुक्त बजार अनुगमनलगायत विषयमा पनि केन्द्रीय अनुगमन समितिले निर्देशन दिएको छ ।

त्यस्तै राष्ट्रिय परिचयपत्र, राहदानी, सवारीचालक अनुमतिपत्र वितरणसम्बन्धी कार्यलाई सरलीकरण गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको छ । अन्तरनिकाय सूचना आदानप्रदानमा सहजीकरण गर्न र एकीकृत सूचना प्रणाली अवलम्बन गर्न 'डेटा गभर्नेन्स'लाई प्रभावकारी बनाउन पनि समितिको निर्देशन छ ।

त्यस्तै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई सामुदायिक विद्यालयमा आवश्यक पर्ने पाठ्यपुस्तकको छपाइ गरी समयमा नै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गर्न निर्देशन दिइएको छ । समितिले अर्थ मन्त्रालयलाई राजस्व बढाउनका लागि बजार अनुगमन प्रभावकारी बनाउन निर्देशन दिएको छ । 'केही मालवस्तुको औपचारिक आयातको विवरण र बजारमा सामानको उपलब्धताबीच तालमेल नभएको हुँदा आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागले बजार अनुगमन बढाउन र चोरी-पैठारी नियन्त्रणमा खटिएका भन्सार सुरक्षा गस्तीहरूले समेत निगरानी बढाउन निर्देशन छ,' परिपत्रमा भनिएको छ ।

त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सरकारी अस्पतालको सरसफाइ तथा फोहोर व्यवस्थापन कार्यको गुणस्तर सुधार गर्न र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले दुर्गम क्षेत्रमा हुने हवाई उडानलाई सहज बनाउन आवश्यक व्यवस्था गर्न निर्देशन दिइएको छ ।

केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिबाट भएका निर्णयहरू कार्यान्वयन भए/नभएकोबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जानकारी दिन भनिएको छ । त्यस्तै निर्णय कार्यान्वयनका लागि समन्वय गर्न हरेक मन्त्रालय र निकायले सम्पर्क व्यक्ति तोक्नसमेत निर्देशन दिइएको छ । *रासस*

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर २५ गते, आइतबार

| | |
|---|---|
| **मेष** | पठन पाठनमा खासै यचि नहुन सक्छ । |
| **वृष** | इष्ट कार्यबाट सफलता प्राप्त हुन सक्छ । |
| **मिथुन** | राज्यको पक्षबाट भय को सामना गर्नुपर्ने हुन सक्छ । |
| **कर्कट** | आमाको आशिर्वाद प्राप्त हुंदा काम बन्न सक्छ । |
| **सिंह** | व्यापार व्यवसायमा राम्रै सफलता प्राप्त हुन सक्छ । |
| **कन्या** | विशिष्ट व्यक्तित्वहय्सँग भेट गर्ने अवसर प्राप्त हुन सक्छ |
| **तुला** | स्वास्थ्यमा समस्या आउनसक्छ सचेत रहनुपर्ला । |
| **वृश्चिक** | दिदी बहिनीहय्को सहयोग प्राप्त हुन सक्छ |
| **धनु** | अतिथिको आगमन हुंदा मन खुशी हुनेछ । |
| **मकर** | आफु बसेको ठाउँबाट अर्को ठाउँमा जानुपर्ने हुन सक्छ । |
| **कुम्भ** | नसोचेको ठाउँमा धन खर्च हुन सक्छ । |
| **मीन** | नाता कुटुम्बसंग मन मुटाव हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर २५ गते, २०७९, ११ डिसेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.३४ | १३१.९४ |
| युरो | १ को | १३८.६६ | १३९.२९ |
| पाउन्ड स्टर्लिङ | १ को | १६०.८९ | १६१.६३ |
| स्विस फ्रेन्क | १ को | १४०.६२ | १४१.२६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.७९ | ८९.२० |
| क्यानाडियन डलर | १ को | ९६.३१ | ९६.७५ |
| सिंगापुर डलर | १ को | ९७.१३ | ९७.५७ |
| जापानी येन | १० को | ९.६५ | ९.६९ |
| चिनियाँ युआन | १ को | १८.८९ | १८.९८ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.८९ | ३६.०६ |
| थाई भाट | १ को | ३.७७ | ३.७९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.७६ | ३५.९२ |
| मलेसियन रिंगेट | १ को | २९.८२ | २९.९५ |
| दक्षिण कोरियन वन | १०० को | १०.०८ | १०.१२ |
| स्विडिस क्रोनर | १ को | १२.७१ | १२.७७ |
| डेनिस क्रोनर | १ को | १८.६४ | १८.७३ |
| हङकङ डलर | १ को | १६.८६ | १६.९४ |
| कुवेती दिनार | १ को | ४२८.२५ | ४३०.२१ |
| बहराइन दिनार | १ को | ३४८.४० | ३४९.९९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**फेरीबाट सवारी साधन तार्दै** | भोजपुरलाई उत्तरी क्षेत्रबाट संखुवासभासँग जोड्ने अरुण नदीको सतीघाटान फेरीको सहायताले सवारीसाधन तार्दै । यस क्षेत्रमा पुल नबन्दा स्थानीयले सास्ती भोग्दै आएका छन् । *तस्बिरः युवराज विष्ट/रासस*

# राजनीतिकरणले झन् समस्यामा लैंगिक हिंसाका मुद्दा

**बेलहिया (रूपन्देही)**– लैंगिक हिंसाका मुद्दामा राजनीतिकरण गरिँदा पीडितहरू झन् समस्यामा बल्झिरहेको रूपन्देहीको भैरहवामा शनिबार आयोजित कार्यक्रमका वक्ताहरूले बताएका छन् । लायन्स क्लब अफ भैरहवा ग्रिनसिटी र रोटरी क्लब अफ सेन्ट्रल लुम्बिनीको संयुक्त आयोजनामा भएको ‘लैंगिक हिंसा न्यूनीकरणमा सरोकारवालाको भूमिका’ विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले लैंगिक हिंसाका मुद्दामा राजनीतिकरणभन्दा पनि पीडितलाई न्याय नै महत्त्वपूर्ण हुनेमा जोड दिएका छन् ।

लुम्बिनी प्रदेशमा लैंगिक हिंसाका मुद्दाको तथ्यांक हेर्दा बाँके जिल्लामा सबैभन्दा बढी हिंसाका घटना रहेको देखाएको छ । लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहँदा २०७९ साल साउनदेखि कात्तिक मसान्तसम्मको नेपाल प्रहरी लुम्बिनी प्रदेश कार्यालयको तथ्यांकअनुसार बाँके जिल्लामा २८३ जना विभिन्न खाले लैंगिक हिंसामा परेको देखिएको छ ।

यसैगरी रूपन्देही जिल्लामा १८६ वटा हिंसाका घटना सार्वजनिक भएका छन् भने कपिलवस्तुमा ११५, नवलपरासीमा १०४ र बर्दियामा ९३ हिंसा भएको देखिन्छ । दाङ र अर्घाखाँचीमा ३४, पाल्पामा ३२, गुल्मी २५, रोल्पा २३, रुकुम १२ र प्यूठान नौवटा हिंसा भएको देखिन्छ । प्रहरीको तथ्यांकअनुसार प्रदेशभरिमा चार महिनाको अवधिमा ९५० वटा हिंसाजन्य घटना भएका छन् । त्यसमध्ये ७८ हिंसाको घटना प्रहरीमा मिल्न नसकी अदालती प्रक्रियामा गएका छन् भने १२० वटा पीडकहरू सम्पर्कमा नै आएका छैनन् ।

कार्यक्रममा लुम्बिनी प्रदेशमा लैंगिक हिंसामा घटनाबारे कार्यपत्र प्रस्तुत गरेकी सामाजिक अभियन्ता ज्ञानु पौडेलले पितृसत्तात्मक सामाजिक मूल्यमान्यता र संरचनाको कारण नै लैंगिक हिंसामा महिला परेको बताइन् । ‘महिला हिंसाको घटनामा गराइने मिलापत्र पनि हिंसा बढ्नुको कारण हो,’ उनले भनिन्, ‘सामाजिक सञ्जालको दुरूपयोगले पनि हिंसा बढाउन मद्दत गरेको छ ।’

समाजशास्त्री विमला पोखरेलले लैंगिक हिंसामा घटनामा विभेद्ले नै हिंसालाई बढवा दिएको बताइन् । उनले भननन्, ‘महिलाहरूले सहनैपर्छ भन्ने मूल्यमान्यता हटाउनुपर्छ, अन्यायको विरुद्ध आवाज नउठाएसम्म हिंसाका घटना घट्ने छैनन् ।’

लुम्बिनी साँस्कृतिक नगरपालिकाकी उपप्रमुख कल्पना हरिजनले मधेसी समाजमा हिंसाविरुद्ध नबोल्ने प्रचलनले समस्या सिर्जना गरेको बताइन् । उनले भनिन्, ‘हिंसामा परिसकेपछि पनि समस्या बाहिर ल्याउन नसक्नेहरू धेरै छन् । साँच्चिकै हिंसालाई न्यूनीकरण गर्ने हो भने पार्टी र दलभन्दा माथि उठेर सबै निकायले काम गर्नुपर्छ ।’

कार्यक्रममा उच्च अदालत बुटवलकी न्यायाधीश सरला पाण्डेले पितृसत्तात्मक सोचले हाम्रो समाजलाई पिरोलिरहेको बतइन् । न्यायाधीश पाण्डेले अदालतमा जबर्जस्ती करणीको मुद्दा आउने गरेको भएता पनि पीडितलाई ‘होस्टाइल’ गराउने गलत कार्यले अर्को समस्या थपेको बताइन् । उनले हिंसाको सुरुआत नै घरबाट हुने गरेको बताउँदै १६ दिने अभियानको बेलामात्रै नभएर हरेक समयमा हिंसाविरुद्धको अभियान चलाउनुपर्ने, घरघरमा जनचेतना पुऱ्याउनुपर्नेसमेत बताइन् ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता शिवप्रसाद गौडेलले हरेक मानिसले हिंसाको विरुद्ध आवाज उठाउनुपर्ने बताए । कानुनले दण्डनीय भनी घोषणा गरेको विषयमा पनि हाम्रो समाजले मौनता साँध्न खोज्नु गलत भएको उनले बताए ।

लायन्स क्लब भैरहवा ग्रिनसिटीका अध्यक्ष श्रीबहादुर रायमाझीले राज्यका निकायहरू, सामाजिक संघसंस्था सबैको सहकार्य र एकताले नै समाजलाई हिंसामुक्त गराउन सकिने बताए । *रासस*

## भूकम्पपीडितको पीडा

# ‘घरले पेट अघाउँदो रहेनछ’

■ डम्बर बुढामगर

**ढोरपाटन**– काठेखोला गाउँपालिका-५ बिहुँ करलिममा एकैनासका १० घर छन् । सिमेन्टको ब्लकको पर्खाल । निलो जस्तापातको छानो । झट्ट हेर्दा लाग्छ यहाँ बस्ने स्थानीय सुखी नै छन् । तर, यहाँ बस्ने दलित समुदायको पीडा छुट्टै छ । २०७२ वैशाखमा आएको भूकम्पले काठेखोला-५ काउले गाउँमा रहेका उनीहरूको घर भत्कियो । त्यही बर्खा गाउँ नै पहिरोले चिराचिरा पऱ्यो ।

घरसहित भएभरको सम्पत्ति पहिरोको उच्च जोखिममा परेपछि उनीहरू घरबासविहीन भए । केही वर्ष उनीहरू छरछिमेकी र आफन्तकामा आश्रय लिएर बसे । सरकारले १० घरपरिवारलाई गत वर्ष बिहुँ करलिममा नमूना बस्ती निर्माण गरेर हस्तान्तरण गऱ्यो । उनीहरूले घर त पाए तर सामान्य आधारभूत आवश्यकता परिपूर्ति गर्ने माध्यम भने पाएनन् । भूकम्पपीडितले अहिले सरकारसँग सामान्य भए पनि रोजीरोटीका लागि रोजगारको माग गरेका छन् ।

स्थानीय माया परियार भन्छिन्, ‘दैव पनि हामी गरिब दुःखीमाथि लाग्यो, सात वर्ष अगाडि भुइँचालो र पहिरोले घरबारी सबै चिराचिरा पारिदियो, घर र भएभरको सम्पत्ति बस्न नमिल्ने गरी भत्किएपछि हामी धेरै वर्ष बाटोमा बस्यौं, पोहोर सरकारले यो ठाउँमा घर बनाइदियो र यहाँ सऱ्यौं, सरकारबाट अरु सेवासुविधा भने केही पाउन सकेका छैनौं ।’

परियारले आफ्नो तीन जनाको परिवार रहेको र गरिखाने ठाउँ नहुँदा बिहान बेलुकीको छाक टार्न समस्या भएको बताइन् । उमेरले ६० वर्ष काटिसकेकी मायालाई अहिले बिहान बेलुकाको छाक कसरी टार्ने भन्ने चिन्ता छ । गिट्टी कुटेर परिवार चलाएको भन्दै हातपाखुराले काम गर्न छाडे भोकै बस्नुपर्ने चिन्ताले उनलाई सताइरहेको छ ।

‘अहिलेसम्म त हातपाखुरा चल्दै छन्, दुई/चार दिन काम गरे भने बिहान बेलुकी छाक टर्छ, घरले खानलाउन दिने रैनछ,’ परियारले भनिन्, ‘अहिले त काम पनि पाइएको छैन, चिसो बढ्न लाग्यो, यो बेला काम गर्न गाह्रो हुन्छ, थोरै आफ्नै बारी भएको भए मकै कोदो लगाएपछि खान पुग्थ्यो ।’

अर्का स्थानीय रूपा परियारले नमूना बस्तीमा खानेपानीको चरम अभाव रहेको बताइन् । उनले खानेपानीको जोहो गर्न घण्टौं बिताउनुपर्ने अवस्था रहेको बताइन् । सबै गाउँमा मोटरबाटो पुगे पनि आफूहरूको बस्तीसम्म सडक नपुगेको उनको गुनासो छ । सरकारले आफूहरूका लागि खानेपानी र सडक निर्माण गरिदिए सहज हुने उनको भनाइ छ ।

परियारले घरसँग जोडिएको बाँझो जमिनलाई देखाउँदै भनिन्, ‘हाम्रो सम्पत्ति भनेको यही घर मात्रै हो, यो जमिन पनि अरुको पर्छ, घर मात्रै भएर के गर्ने, गरिखाने ठाउँ छैन, काम गर्ने कहाँ गर्ने ? के काम गर्ने ?, निकै अप्ठ्यारो अवस्थामा छौं हामी ।’

पहिरोले नबगाउँदासम्म आफ्नो गरिखाने जग्गाजमिन प्रशस्तै भए पनि अहिले उक्त ठाउँमा ढुंगामुढामात्रै थुप्रिएको उनको भनाइ छ । सरकारले पीडितका लागि गरिखाने ठाउँ नदिए पनि रोजगारीको अवसर मिलाइदिन परियारले अपिल गरिन् ।

स्थानीय लालबहादुर दमाईले आफूलाई सरकारले कुनै पनि सहयोग नगरेको गुनासो गरिन् । उनले आफ्नो घर भूकम्पले भत्किएको र जग्गाजमिन सबै पहिरोले बगाएको भन्दै अहिले आफू सडक कुनामा बस्नुपरेको बताए । दमाईले सबै पीडितले घर पाउँदा आफू वञ्चित भएको गुनासो गरे ।

उनी भन्छन्, ‘गाउँका अरुजस्तै म पनि भूकम्प र पहिरोपीडित हुँ, अरुको जस्तै अवस्था हो मेरो, अरुले घर भए पनि पाए मैले त्यही घर पनि पाएन, अहिले सडक छेउमा छाप्रो बनाएर बस्दै आएको छु, खाना लाउनको पनि उस्तै समस्या छ, बुढो भए काम गर्न सक्दैन ।’

गाउँपालिकाका अध्यक्ष राजु थापाले नमूना बस्तीमा रहेको खानेपानी समस्या समाधानका लागि गाउँपालिकाले योजना बनाएको बताए । उक्त समस्या केही समयमै समाधान हुने उनको भनाइ छ । उनले यस बस्तीसम्म सडक पुऱ्याउने प्रयास थालेको जानकारी दिए । *रासस*

# कुसुम खोलामा बनाइएका घरटहरा भत्काइए

**चितवन (प्रस)**– चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र अवैधरूपमा बनाइएका घरटहरा भत्काउने कामलाई निरन्तरता दिइएको छ । निकुञ्जको कुसुमखोलामा बनाइएका नौ घरटहरा भत्काइएको छ । घरटहरासँगै पूजा गर्नका लागि भन्दै बनाइएको मन्दिरको संरचना पनि हटाइएको निकुञ्जले जनाएको छ ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार निकुञ्जका कर्मचारी र सुरक्षार्थ खटिएको नेपाली सेनाले ती संरचना भत्काएको हो । विगत दुई/तीन महिनायता बनाइएका संरचना भत्काइएको उनले जानकारी दिए । विगतदेखि नै रहेको काजीमान प्रजाको घर भने भत्काइएको छैन । काजीमानको सहित १२ घर सो क्षेत्रमा रहेका छन् । ती क्षेत्रमा टहरा बनाएपछि जग्गा पाइन्छ भन्ने हल्ला चलाएर ठाउँठाउँबाट मानिस घरटहरा बनाउन आउने गरेको उनले जानकारी दिए ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यले कुसुम खोला जाँदै गरेका कतिपय भेटिएकालाई बगही पोस्टबाटसमेत फर्काउने गरिएको बताए । उनले भने, ‘नियमितरूपमा अवैध ढंगले त्यहाँ बनाइएका संरचना भत्काउने गरेका छौं ।’ सो क्षेत्रमा समयसमयमा संयुक्त सुरक्षा गस्ती पुगेर बनाइएका घर टहरा भत्काउने गरेको उनले बताए ।

दुई वर्षअघि हात्ती लगाएर भत्काउनाका साथै निकुञ्जले सो बस्तीमा आगजनी गरेको थियो । घरटहरामा आगजनी गरेपछि उक्त विषयले ठूलो चर्चा पाएको थियो । पुनः सो क्षेत्रमा बाहिरबाट मानिस गएर बसोबास गर्न थालेका हुन् ।

# ‘प्रविधिमैत्री शिक्षामा जोड दिऔं’



**उर्लाबारी (प्रस)**– प्रदेश १ का प्रदेश प्रमुख पर्शुराम खापुङले सामुदायिक विद्यालयमा आकर्षण बढाउन प्रविधिमैत्री शिक्षालाई जोड दिनुपर्ने बताएका छन् । सामुदायिक विद्यालयमा विद्यार्थी र अभिभावकको आकर्षण घटिरहेको सन्दर्भमा उनले यस्तो धारणा राखेका हुन् ।

‘सामुदायिक विद्यालयमा विशेषगरी आर्थिक अवस्था कमजोर भएका परिवारका सन्तान पढ्ने गरेका छन्,’ शनिबार मोरङको उर्लाबारी नगरपालिकास्थित सुनपकुवा माध्यमिक विद्यालयको ६५औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले भने, ‘शैक्षिक प्रणालीलाई आवश्यकताका अधारमा परिवर्तन गर्दै उत्पादनमुखी, सर्वसुलभ र प्रविधिमैत्री बनाउनुपर्छ ।’

गरिबका छोराछोरीलाई पनि गुणस्तरीय शिक्षा उपलब्ध गराउनका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारले काम गर्नुपर्ने उनको भनाइ छ । शिक्षा विकास निर्माणको पहिलो सर्त भएको उल्लेख गर्दै उनले सामुदायिक विद्यालयको गुणस्तर बढाउन आवश्यक रहेको बताए ।

वि.सं. २०१४ मा स्थानीयवासीको चन्दा संकलनबाट स्थापना भएको विद्यालयले ६५औं वर्ष पूरा गरेको छ । हाल विद्यालयमा कक्षा १ देखि कक्षा १२ सम्म गरेर एक हजार ३३९ विद्यार्थी अध्ययनरत छन् ।

# कञ्चनपुरमा घट्यो डेंगु संक्रमण

**बेदकोट (प्रस)**– चिसो सुरु भएसँगै कञ्चनपुरमा डेंगुको संक्रमण घट्दै गएको छ । केही महिनाअघिसम्म तीव्ररूपमा फैलिएको डेंगुको संक्रमण कम हुँदै गएको हो ।

एक महिनाअघिको तुलनामा संक्रमण कम भएको स्वास्थ्य कार्यालय कञ्चनपुरका औलो निरीक्षक सिद्धराज भट्टले जानकारी दिए । ‘पछिल्लो केही महिनायता डेंगु संक्रमणमा कमी आएको छ, कहिलेकाहीँ फाट्टफुट्ट मात्रै बिरामी आइरहेका छन्,’ उनले भने । चिसोमा डेंगु सार्ने लामखुट्टेको उत्पादन र वृद्धि विकास कम हुने हुनाले संक्रमण कम हुँदै गएको महाकाली अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. अर्जुन भट्टले बताए ।

स्वास्थ्य कार्यालयले समुदायस्तरमा लामखुट्टेको खोजी र नष्ट अभियान चलाएकाले पनि संक्रमणमा कमी आएको उनले बताए । महाकाली अस्पतालमा पछिल्लो समय डेंगुका बिरामी फाट्टफुट्ट आउने गरेका छन् । उनले भने, ‘दम, सुगर, प्रेसर, ज्वरोका बिरामी अस्पतालमा आइरहेका छन् ।’ उनका अनुसार महाकाली अस्पतालमा अहिलेसम्म २५० जना डेंगुका बिरामी फेला परेका थिए ।

# तयार हुँदै लुम्बिनी प्रदेशसभा भवन

■ प्रभाव संवाददाता



*तस्बिरः रासस*

**तुलसीपुर**– लुम्बिनी प्रदेशको स्थायी राजधानी राप्ती उपत्यकामा प्रदेशसभा भवन निर्माणको काम अन्तिम चरणमा पुगेको छ । राप्ती गाउँपालिका-३ लालमटियामा प्रदेशसभा भवन निर्माण कार्य भइरहेको छ ।

‘पूर्वाधार निर्माणको काम लगभग अन्तिम चरणमा पुगेको छ,’ प्रदेश पूर्वाधार विकास प्राधिकरणका इञ्जिनियर विष्णु केसीले भने, ‘अब अन्य सानातिना काम बाँकी छन् ।’

प्रदेशसभा भवनको भित्रको काम सबै पूरा भइसकेको छ भने बाहिर इन्टरलक लगाउने काम बाँकी छ । त्यस्तै गार्ड हाउसको ढलान भइसकेकाले त्यो पनि अन्तिम चरणमा पुगेको इञ्जिनियर केसीले बताए । त्यो काम पनि केही दिनमै सकिने उनको भनाइ छ ।

नवनिर्वाचित प्रदेशसभा सदस्यलाई भालुबाङस्थित नयाँ भवनमा शपथ खुवाउने तयारी गरिएको छ । त्यसका लागि अन्य तयारीका काम पनि धमाधम भइरहेका छन् । विद्युत् जोड्ने काम पनि भएको छ । रङरोगन, एसी राख्ने, टेबल, कुर्सी, कार्पेट बिछ्याउने काम पनि भइरहेको छ । त्यो सबै जिम्मा प्रदेशसभाले लिएको छ ।

प्रदेशसभा भवन एक अर्ब २० करोड रूपैयाँ लगानीको हो । उक्त भवन वाइवी स्टोन बिल्डर्स प्रालिले निर्माणको जिम्मा पाएको छ । प्रदेशसभा भवनमा सभाहलसँगै भिआइपी कोठा, भोटिङ कोठा, मर्यादापालकका लागि गरी १४ वटा कोठा बनेका छन् ।

मुख्यमन्त्री आएपछि आवश्यक संरचना निर्माणको काम अघि बढेका छन् । मुख्यमन्त्री कार्यालय, मुख्यमन्त्री र मुख्यसचिवको निवास निर्माणको काम पनि सकिएको छ । अब अन्य मन्त्रालयका लागि संरचना तयार गर्ने काम अघि बढिरहेको छ । आन्तरिक, मामिला कानुन तथा सञ्चार मन्त्रालय, अर्थ तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लागि सोही स्थानमै राख्ने गरी संरचना मर्मत गर्ने कार्य भइरहेको छ । अन्य मन्त्रालयको संरचनाका लागि भवन खोज्ने कार्य भइरहेको राप्ती गाउँपालिका अध्यक्ष प्रकाश विष्टले बताए । लुम्बिनी प्रदेशमा १३ वटा मन्त्रालय छन् ।

यसअघि ग्रामीण तथा सहरी विकास मन्त्रालय र स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय भालुवाङमा आएका थिए तर काम भने बुटवलबाट हुँदै आएको थियो । स्थायी राजधानी तोकिएपछि प्रदेशको स्थायी राजधानीलाई आवश्यक पर्ने संरचना निर्माण गर्न प्रदेश पूर्वाधार विकास प्राधिकरण गठन भई काम गर्दै आएको छ । अहिले राप्ती गाउँपालिका-३ लालमटियास्थित राप्ती प्राविधिक शिक्षालयलाई सरस्वती माविमा स्थान्तरण गरेपछि सोही स्थानमा मुख्यमन्त्री कार्यालयलगायत अन्य मन्त्रालयका लागि संरचना प्रयोगमा आएका हुन् ।

विसं २०५० मा स्थापना भएको शिक्षालय १६ बिघा क्षेत्रफलमा फैलिएको छ । जहाँ अहिले ३०० जना अटाउन सक्ने एउटा सभाहलसमेत छ । साना-ठूला गरेर ३५ वटा भवन रहेको राप्ती गाउँपालिका अध्यक्ष विष्टले बताए ।

भालुबाङमै प्रदेश पूर्वाधार प्राधिकरणअन्तर्गत जग्गा एकीकरण आयोजनाको कार्यालय पनि खुलेको छ । २०७७ असोज २० गतेको प्रदेशसभा बैठकले दाङको राप्ती गाउँपालिका, गढवा गाउँपालिका वडा नं १, २ र ३ तथा अर्घाखाँचीको शीतगंगा नगरपालिका वडा नं ८ र ९ लाई केन्द्र मानेर स्थायी राजधानी तोकेको थियो ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### अभियानलाई चुनौती

विश्वव्यापीरूपमा २५ नोभम्बरदेखि १० डिसेम्बरसम्म मनाइने लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान नेपालमा वि.सं. २०५४ देखि मनाउन थालिएको हो । लैंगिक हिंसाका गतिविधि नियन्त्रण गर्ने अभियानस्वरूप यो अभियान सुरु गरिएको हो । 'सभ्य समाजको पहिचान : लैंगिक हिंसाविरुद्धको अभियान' भन्ने नाराका साथ यस वर्ष पनि नेपाललमा यो अभियान मनाइएको छ । नेपालमा यो अभियान मनाउन थालिएको लामो समय भइसक्दा पनि लैंगिक हिंसाका घटना न्यूनीकरण हुन सकेको छैन ।

लैंगिक हिंसाविरुद्धको अभियान मनाइरहेकै समयमा महिला हिंसाका घटनाहरू भएका छन् । काठमाडौंमै आफ्नो प्रेमीले दिएको पीडा र मानसिक यातना सहन नसकेर पुष्पा न्यौपानेले आफ्नो शरीरमा पेट्रोल छर्केर आत्मदाह गरेको घटना होस् या सुर्खेतका अमरबहादुर आलेमगरले आफ्नी पत्नीको हत्याको घटनाले अभियानलाई नै खल्लो बनाइदिएको छ । अभियान चलिरहेकै समयमा घटेका यी घटनाले अभियानको प्रभावकारितामाथि नै प्रश्न उठाएको छ । यीबाहेक बाहिर नआएका घटना कैयौं छन् । यो अभियानकै लागि चुनौती हो ।

राष्ट्रिय महिला आयोगमा गत साउन १ देखि कात्तिक ३० सम्ममा घरेलु हिंसाका ३१६ र महिला हिंसा ३१ गरी जम्मा ३४७ उजुरी दर्ता भएको तथ्यांक छ । जसमा सबैभन्दा बढी बागमती प्रदेशमा जम्मा २९५, सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा दुई रहेका छन् । त्यसैगरी प्रदेश १ मा आठ, मधेस प्रदेशमा १४, गण्डकी प्रदेशमा छ, लुम्बिनी प्रदेशमा पाँच कर्णालीमा तीन र प्रदेश उल्लेख नभएकामा १४ उजुरी दर्ता भएका छन् ।

नेपालमा महिला हिंसा न्यूनीकरणका लागि धेरै कानुन व्यवस्था गरिएको छ । तर, यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिला हिंसामा कमी आउन सकेको देखिँदैन । नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ । यसमा भनिएको छ, 'महिलाविरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।'

मौलिक हकअन्तर्गत नै धारा २१ मा अपराधपीडितको हकसम्बन्धी व्यवस्था छ । 'अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ, अपराधपीडितलाई कानुनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ' भनी व्यवस्था गरिएको छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा पनि महिला हिंसा रोकथामका लागि व्यवस्था गरिएको छ । तर, भएका कानुनको पूर्णरूपमा कार्यान्वयन हुन नसक्दा आज पनि महिला विभिन्न हिंसाको सिकार भइरहेका छन् ।

कानुनीपक्ष बलियो भए पनि हिंसा न्यूनीकरण हुन नसक्नु गम्भीर विषय हो । त्यसैले कानुनको प्रभावकारी कार्यान्वयनमा कडाइ गरिनु आवश्यक छ । यसैगरी लैंगिक हिंसाविरुद्धको अभियानलाई औपचारिकता दिन मात्र मनाउनुको औचित्य छैन । अभियानलाई कसरी प्रभावकारी बनाउनेतर्फ लाग्न जरुरी छ । यसतर्फ सरोकारवाला सबैको ध्यान जाओस् ।

## मननयोग्य

### चाणक्य नीति

चाणक्यको जाली पत्रको योजना सफल भयो । चन्द्रगुप्तका शत्रु परस्परमा लडी समाप्त भए ।

यता राक्षसले मलयकेतुसँग मिलेर रक्तपातको कारण जान्न चाहे। विश्वास गर्न चाहानछौ ? ल पढ यो आफ्नो चिट्ठी जुन चन्द्रगुप्तको हातमा पुऱ्याउन चाहन्थ्यौ। राक्षसले चिठी हेरेर भ्वाट्ट सम्झे यो चाणक्यको कुनै योजना राक्षसले मलयकेतुलाई धेरै विश्वास दिलाए, तर अविश्वासको टुसा मनमा बसेको थियो । उसलाई निकाल्न अब सम्भव थिएन । उसमाथि रिस र अविवेकको लेउ लागिसकेको थियो ।

रिसले युक्त भई त्यही स्वरमा मलयकेतुने मलाई मूर्ख ठान्छौ ? तिमी ब्राह्मण हो, बस यही कारणले जीवित छोड्छु । यहाँबाट जाऊ । राक्षसले पनि सोचे यस्ता मूर्खलाई सम्झाउनु व्यर्थ छ । निराश भई राक्षस कुनै अज्ञात स्थानतिर गए ।

केही दिनपछि चन्द्रगुप्त रे आचार्य चाणक्य एकअर्कासँग भेटिए । चाणक्यले भने- 'यस ब्राह्मणको काम सकियो । भूमण्डलमा आज भारतवर्षको गौरव परिलक्षित छ । चाणक्य चाहन्थ्यो टुक्रा-टुक्रा बाँडिएको भारतवर्ष एउटै झन्डामुनि लोककल्याणकारी राज्य होस् । आज मेरो इच्छा पूर्ण भयो ।'

केही उदास स्वरमा चन्द्रगुप्त चाणक्यसँग बोले- 'जुन कर्मबीरले आफ्नो त्याग र बुद्धिबलले यत्रो विशाल साम्राज्य स्थापना गरे यस्तो सम्पूर्ण प्रभुत्व सम्पन्न राज्यका संस्थापक महात्मा चाणक्य एक साधारण झुपडीमा वस्तु यो चन्द्रगुप्तलाई शोभा दिँदैन ।

चाणक्य केही शान्त रहे अनि केही हाँस्तै चन्द्रगुप्तका काँधमा हात राख्दै भने- 'जुन राजा सर्वगुणसम्पन्न भइकन पनि जनहितमा तल्लीन रहँदैन जनताले त्यस्ता राजालाई पदच्युत गर्दछन् । मैले भोग्नका लागि होइन मानवकल्याणको कामनाका निम्ति यो संगठित साम्राज्यको स्थापना गरें । यो पृथ्वी आमाका केटाकेटी, छोराहरूको सम्पत्ति हो मेरो जुन काम थियो त्यो पूरा भयो । तिम्रो राज्य बारम्बार फलोस् यही मेरो आर्शिर्वाद ! यो ब्राह्मण आउने एकादशीका वनतिर लाग्नेछ ।'

चाणक्यबाट यस्ता कुरा सुनी छक्क पर्दै चन्द्रगुप्त किंकर्तव्यविमूढ बने । उनले अबोध बालक बन्दै भने-'यो के भन्दै हुनुहुन्छ गुरुदेव ! तपाईविना म यति ठूलो साम्राज्य कसरी सम्हाल्न सक्छु ? तपाईको मार्गदर्शनको अभावमा त कुनै पनि हुरीने एकै झट्कामा चन्द्रगुप्त हराउँछ, विलाउँछ । ' तपाई विना त चन्द्रगुप्त आफ्नो कल्पना पनि गर्न सक्दैन । क्रमशः

सन्दर्भ : महिला हिंसाविरूद्ध १६ दिने अभियान

# हिंसाको दलदलमा महिला

कालिका खड्का

मुलुकको राजधानी काठमाडौंमै आफ्नो प्रेमीले दिएको पीडा र मानसिक यातना सहन नसकेर पुष्पा न्यौपानेले आफ्नो शरीरमा पेट्रोल छर्केर आत्मदाह गरिन् । नुवाकोट घर भई काठमाडौंको बुद्धनगरमा बस्दै आएकी २७ वर्षीया पुष्पाले काठमाडौंको धुम्बाराहीस्थित आफ्नो प्रेमीकै घरमा पुगेर यही बुधबार आत्महत्या गरिन् ।

पुष्पाले दरबारमार्गस्थित केल्मी ब्राण्डका कपडा पसल सञ्चालन गर्दै आएकी थिइन् । काठमाडौं धुम्बाराही-४ का २९ वर्षीय सुदन संग्रौलाले त्यही पसलमा आएर कपडा किन्ने गर्थे । गत माघदेखि उनीहरूबीच मोबाइल नम्बर लिएर कुराकानी हुँदै प्रेम सम्बन्ध अघि बढेको थियो । प्रेमलाई विवाहमा परिणत गर्न दुवै परिवारको सहमतिमा २०७९ भदौ १८ मा टीकाटालासमेत भएको थियो । टीकाटालापछि विस्तारै सुदनले पुष्पालाई मानसिक तनाव दिँदै आएका थिए । पुष्पाले त्यसलाई सामान्यरूपमा लिँदै आएकी थिइन् । तर, यही मंसिर २७ गते सुदनले टीकाटालाको सुन र सुपारी फिर्ता गरेपछिको मानसिक तनाव सहन सकिनन् र सुदनकै घर अगाडि गएर आत्महत्या गरिन् ।

पुष्पाले परिवारको इज्जतका लागि आफूसँग विवाह गर्न सुदनसँग बारम्बार आग्रह गरेकी थिइन् । तर, त्यो सफल नभएपछि अन्ततः उनले आफूमाथि भएको मानसिक यातना सहन नसकेर आत्महत्याको बाटो रोज्न पुगिन् ।

आफ्ना प्रेमीले दिएको मानसिक यातना सहन नसकेर पुष्पाले आत्महत्या गरेकै दिन बुधबार सुर्खेतका अमरबहादुर आलेमगरले आफ्नी पत्नीको हत्या गरे । सुर्खेतको पञ्चपुरी नगरपालिका-२ का ३८ वर्षीय अमरबहादुर आलेमगरले आफ्नी ३० वर्षकी पत्नी मीना आलेमगरले टाउको काटेर प्लास्टिकमा बोकी प्रहरी चौकी जान लागेको भन्दै हिँडेको देखेर छिमेकीहरू आश्चर्यमा परे । दुई साना छोराछोरी भएका मगर दम्पतीबीच के विषयमा विवाद भएर पत्नीको ज्यान नै लिन पुगे भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

अमरले किन पत्नीको हत्या गरे भन्नेबारेमा आफन्तलाई पनि थाहा छैन । छिमेकी र गाउँलेले पनि मीनाको टाउको काटेर हालमा लिएर गाउँमा निस्किएपछि मात्र थाहा पाए । आफन्तका अनुसार परिवारमा खासै झगडा हुने थिएन । अमर गत वर्ष वैदेशिक रोजगारबाट फर्केका थिए । बुधबार एकैदिन दुई महिलाको ज्यान गएको छ । महिलामाथि हुने हिंसाको बर्बरतापूर्ण उदाहरण हुन् पछिल्ला यी दुई घटना ।

तराईमा दाइजोका विषयलाई लिएर डा. पंकज चौधरीले आफ्नी पत्नी नेहा चौधरीमाथि गरेको कुटपिटको घटना, नेपाली राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछाने वा नायक पल शाहमाथि नाबालिकालाई बलात्कार गरेको भन्ने घटना सार्वजनिकरूपमा आए पनि थुप्रै यस्ता घटना बाहिर आएका छैनन् । यस्ता धेरै घटनाले नेपालमा पछिल्लो समयमा महिलामाथिको हिंसा बढ्दै गएको देखाएको छ ।

महिलामाथि हुने हिंसाविरुद्ध संसारभर अहिले महिला हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ । तर, महिलाले अकालमै ज्यान गुमाउने र बलात्कारजस्तो जघन्य अपराधमा परेर शारीरिक र मानसिक तनाव झेल्नुपरेको छ । प्रहरीको तथ्यांकअनुसार पछिल्लो समयमा महिला हिंसाको घटना डरलाग्दो तरिकाले बढ्दै गएको छ । आर्थिक वर्ष २०७६/७७ मा १५ हजार ७५५ महिला हिंसाका घटना भएकामा आर्थिक वर्ष २०७७/७८ मा १८ हजार ९६१ छ । एक आर्थिक वर्षमै तीन हजार २०५ घरेलु हिंसाका घटना बढेको छ । आर्थिक वर्ष २०७८/७९ मा २१ हजार ४५१ छ । यो वर्ष दुई हजार ४९० घटना बढेको तथ्यांक छ । पछिल्ला दुई वर्षमा जबर्जस्ती करणी उद्योगका घटना पनि उत्तिकै बढेको पाइन्छ । आव २०७७/७८ मा दुई हजार ५३२ भएका छन् भने आव २०७८/७९ मा दुई हजार ३८० छन् ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुली महिला हिंसा बढ्नुमा हिंसा सहनु हुँदैन भन्ने भन्ने सोचमा वृद्धि भएको र सूचना प्रविधिको विकासले सामाजिक सञ्जालमार्फत साइबर अपराध पनि बढ्दै जानु मुख्य भएको बताउँछिन् । 'सूचना प्रविधिको विकाससँगै हिंसाका नयाँ रूप फेरिएको छ र बढ्दै पनि गएको छ,' उनले भनिन्, 'अहिलेसम्म पनि महिला हिंसाको कमी आउन सकेको छैन तर सकारात्मक पक्ष के छ भने हिंसा सहनु हुँदैन भन्ने चेतना आएको छ, न्यायका लागि हिंसाविरुद्ध आवाज उठाउनुपर्छ भन्ने चेतना आउनु महत्त्वपूर्ण पक्ष हो ।'

पहिला धेरै महिलाले आफूमाथिको हिंसा दबाएर



अनि सहेर बस्ने गरेको तर पछिल्लो समयमा हिंसाविरूद्ध आवाज उठाउन थाल्दा घटना बढेको अध्यक्ष पराजुलीको ठहर छ । 'लैंगिक हिंसा हुनुका कारण महिलाको सानै उमेरदेखि घर व्यवहार र बालबच्चाको दायित्व बढी हुनु, महिलाले शैक्षिक अधिकार उपयोग गर्न नपाउनु र स्वआर्जन गर्न नपाउनु मुख्य हो,' अध्यक्ष पराजुलीले थपिन्, 'कानुनको प्रभावकारी कार्यान्वयन हुन नसकेसम्म यसमा सुधार आउन गाह्रो छ ।'

महिला हिंसाका घटनाको अध्ययन गर्न र भएका कानुनको कार्यान्वयन र परिमार्जनका लागि सरकारलाई सिफारिस गर्न महिला आयोगको स्थापना गरिएको हो । आयोगले अहिले विभिन्न सरोकारवाला निकाय र स्थानीय तहसँग पनि मिलेर काम गरिरहेको छ । पीडितले सीधै टोल फ्रि नम्बर ११४५ बाट पनि टेलिफोन गरेर घटनाका बारेमा टिपाउन सक्छन् । अध्यक्ष पराजुलीका अनुसार आयोगले आवश्यकतानुसार पीडितलाई उद्धार गरेर सुरक्षित आश्रयस्थलमा राख्ने गरेको छ । कानुनीरूपमा पनि निःशुल्क कानुनी सेवा प्रदान गर्दै आएको छ । तिनै तहका सरकार र अन्य सरोकारवाला निकायसँग मिलेर गरिरहेको छ ।

महिला हिंसाका घटना कम गर्नका लागि चार दशक अगाडिदेखि जिल्ला-जिल्लामा सञ्चालन हुँदै आएको महिला बालबालिका कार्यालय आवश्यक भएको उनको बुझाइ छ । 'पीडितलाई जिल्लाबाटै न्यायका मिल्थ्यो तर संघीयता कार्यान्वयनसँगै महिला बालबालिका कार्यालय छैन,' अध्यक्ष पराजुलीले भनिन्, 'जिल्लामा महिला हिंसाका घटनाको सम्बोधन गर्ने निकाय नहुँदा समस्या बढ्दै गएको छ ।'

लैंगिक हिंसा न्यूनीकरणका लागि महिला आयोगले मात्र गर्न नसक्ने भएकाले ७७ जिल्ला र ७५३ वटै स्थानीय तहका सरकारसँग मिलेर काम गर्नुपर्ने र सोहीअनुसार गरिरहेको उनले जानकारी दिइन् । नेपालमा महिला हिंसा न्यूनीकरणका लागि धेरै कानुन व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिला हिंसामा कमी आउन सकेको देखिँदैन ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ । यसमा भनिएको छ, 'महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।'

मौलिक हकअन्तर्गत नै धारा २१ मा अपराधपीडितको हकसम्बन्धी व्यवस्था छ । 'अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ, अपराधपीडितलाई कानुनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ' भनी व्यवस्था गरिएको छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा पनि महिला हिंसा रोकथामका लागि व्यवस्था गरिएको छ । तर, भएका कानुनको पूर्णरूपमा कार्यान्वयन हुन नसक्दा आज पनि महिला विभिन्न हिंसाको सिकार भइरहेका छन् ।

'सभ्य समाजको पहिचान : लैंगिक हिंसाविरुद्धको अभियान' भन्ने नाराका साथ यस वर्ष पनि नेपालमा विभिन्न कार्यक्रम गरी मनाउँदै आएको छ । नेपालमा २०१४ सालदेखि यो दिवस मनाउन सुरु गरिएको हो । विश्वमा यो दिवस सन् १९९१ देखि मनाउन थालिएको हो । लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको सुरुआत महिलामाथि हुने हिंसा अन्त्यका लागि सन् १९९१ मा 'सेन्टर फर ओमन्स ग्लोबल लिडरसिप'को सहयोगमा विभिन्न २३ देशका उत्साहित महिला अधिकारकर्मी समूहले गरेको थियो । महिला अधिकारकर्मीले २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय अभियानका रूपमा विश्वव्यापीरूपमा मनाउन थालिएको हो ।

महिलामाथि हुने हिंसा मानवअधिकार हनन्को सवाल हो भन्ने मान्यता स्थापित गर्दै सोहीअनुरूप काम गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्रसंघलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई आह्वान गर्ने यो अभियानको उद्देश्य हो । यो अभियानअन्तर्गत समुदायदेखि सबै तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी मनाउने गरिन्छ ।

यसको सन्दर्भ डोमिनिकन गणतन्त्रका मिरावेल परिवारका तीन साहसी दिदीबहिनी पेट्रिया, मिनर्भा र मारियाको तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० नोभेम्बर २५ मा गरेको हत्यासँग जोडिएको छ । त्यसैले यसलाई ल्याटिन अमेरिकी देशमा महिला हिंसाविरुद्धको दिवसका रूपमा मनाउन थालिएको हो । यसरी यी तीन दिदीबहिनीहरूको हत्यालाई महिलाविरुद्धको हिंसाका रूपमा लिई महिलावादीहरूद्वारा

> बर्सेनि लैंगिक हिसाविरूद्ध १६ दिने अभियान मनाइरहँदा महिलामाथि हिसा हुनेक्रम रोकिएको छैन । आफ्नो बाँच्न पाउने अधिकारबाट महिला दिन प्रतिदिन वञ्चित हुँदै गएका छन् । देशमा महिला हिसाविरूद्धका कानुनहरु छन् तर प्रभावकारीरूपमा कार्यान्वयन हुन नसक्दा एकातिर महिला पीडित भइरहनुपरेको छ भने अर्कोतिर पीडकहरु प्रोत्साहित भएका छन् । दण्डहीनताले महिला हिसामुक्त वातावरणमा बाँच्न पाएका छैनन् ।

उनीहरूको सम्झनामा विभिन्न कार्यक्रम आयोजना गर्दै मनाउने परम्पराको सुरुआत गरिएको हो । पछि सन् १९९९ मा संयुक्त राष्ट्रसंघद्वारा यसलाई आत्मसात् गरी नोभेम्बर २५ को दिनलाई संसारभर नै महिलाविरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवसका रूपमा स्थापित गरियो ।

त्यसैगरी सन् १९९१ मा नै क्यानाडाका युवाले सेतो रिबन बाँधेर यो दिवस 'म हिंसा सहन्न, आफू पनि गर्दिन, र देखेमा प्रतिकार गर्छु' भनी सेतो रिबन अभियान सञ्चालन गरेका थिए । त्यस समयदेखि सेतो रिबनलाई लैंगिक हिंसाविरुद्ध प्रतिबद्धताको प्रतीकका रूपमा प्रयोग गर्दै आएको पाइन्छ ।

बर्सेनि लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान मनाइरहँदा महिलामाथि हिंसा हुनेक्रम रोकिएको छैन । आफ्नो बाँच्न पाउने अधिकारबाट महिला दिन प्रतिदिन वञ्चित हुँदै गएका छन् । देशमा महिला हिंसाविरुद्धका कानुनहरू छन् तर प्रभावकारीरूपमा कार्यान्वयन हुन नसक्दा एकातिर महिला पीडित भइरहनुपरेको छ भने अर्कोतिर पीडकहरू प्रोत्साहित भएका छन् । दण्डहीनताले महिला हिंसामुक्त वातावरणमा बाँच्न पाएका छैनन् । *रासस*

## पत्र–मञ्जुषा

### मानवीयता देखाऊ मेयर बालेन

काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन्द्र (बालेन) शाह निर्वाचित भएसँगै यहाँका जनताले ठूलो आशा र भरोसा राखेका थिए । उनलाई अत्यधिक मत दिएर विजयी गराएका जनता पछिल्लो समय भने उनको गतिविधिबाट आजित बन्न थालेका छन् । मेयर पदमा निर्वाचित भएर आएका उनले सुधारका केही काम त गर्न खोजेका छन् तर उनी कानुन हातमा लिएर अगाडि बढ्न खोजेको देखिन्छ ।

काठमाडौंका सडकपेटी खाली गर्ने नाममा महानगर प्रहरीले मकै पोल्ने महिलामाथि गरेको दुर्व्यवहारको चर्को आलोचना भयो । त्यसपछि ठेलामा व्यापार गर्नेहरूमाथि गरिएको धरपकडले झन् उनलाई आलोचित बनायो । त्यो क्रम अहिले पनि रोकिएको छैन । महानगरका विभिन्न स्थानमा महानगर प्रहरीले सडक व्यापारी हटाउने नाममा ठेला र सामान जफत गर्ने कामलाई निरन्तरता दिइरहेको छ ।

सडकपेटी खाली गराउनु राम्रो कुरा हो । सहरका मुख्य स्थानहरूबाट अहिले सडक व्यापारी हटाइएपछि पैदलयात्रुलाई राहत पुगेको छ । तर, सडकमा त्यसरी व्यापार गर्नु उनीहरूको रहर हो त ? पक्कै पनि यो उनीहरूको बाध्यता हो । सडकमा व्यापार गर्नेहरू निम्न आए भएका गरिबहरू नै हुन् । उनीहरू त्यही सानोतिनो व्यापार गरेर परिवार पालिरहेका हुन्छन् । ठेलामा तरकारी, फलफूल, विभिन्न सामान बेचेर नै छोराछोरीको पढाइ खर्च जुटाइरहेका हुन्छन् । महानगरले उनीहरूमाथि थोरै भए पनि मानवीयता देखाउनु पर्दैन ? उनीहरूलाई विकल्प दिनु पर्दैन ? विनाविकल्प त्यसरी उनीहरूको रोजीरोटी खोस्नु कानुनसम्मत हुन्छ ? मेयर बालेनलाई कानुन कार्यान्वयन गर्ने अधिकार छ तर कानुन हातमा लिन पाइँदैन । कानुनभन्दा माथि कोही पनि हुँदैन, हुनु हुँदैन । त्यसैले उनले जे गरिरहेका छन् त्यो ठीक होला, आवश्यक होला तर शैली बदल्न आवश्यक छ । गरिबलाई विकल्पको व्यवस्था गरेर सडक व्यवस्थापन गर्न सकिन्छ । जबरजस्ती गरेर अमानवीय व्यवहार देखाउन पटक्कै सुहाउँदैन ।

हुन त गरिब बेरोजगारहरूलाई अभिभावकीय भूमिका निर्वाह गर्ने काम स्थानीय सरकारको मात्रै होइन । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार सबैको समान दायित्व रहन्छ । तीन तहको सरकारबीच समन्वय गरेर यस्ता कार्यहरू गर्न सक्नुपर्छ । तर, त्यस्तो समन्वय पटक्कै भएको देखिँदैन, जुन दुःखद् पक्ष हो । जनताको नजिकको सरकार भएको नाताले स्थानीय सरकारले बढी जिम्मेवार भएर काम गर्नुपर्ने हुन्छ । यसमा मेयर बालेन र सम्बन्धित सबैको ध्यान जाओस् ।

- ***रञ्जिता श्रेष्ठ***, *अनामनगर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**साकेला नाच** | संखुवासभाको खाँदबारी-४ पाङ्मास्थित भगीवन्त रंगशालामा साकेला नाच्दै स्थानीय । *तस्बिरः भविन कार्की/रासस*

# सुदूरपश्चिममा प्रदेशसभातर्फ १११ जनाको जमानत जफत




**महेन्द्रनगर-** सुदूरपश्चिम प्रदेशसभा सदस्यमा ३२ सिटका लागि भएको निर्वाचनमा १११ जना उम्मेदवारको जमानत जफत भएको छ । कूल सदर मतको १० प्रतिशत मत प्राप्त गर्ने उम्मेदवारको जमानत जफत हुने कानुनी व्यवस्था रहेको सुदूरपश्चिम प्रदेश निर्वाचन कार्यालयका प्रमुख प्रेम भट्टले बताए ।

सुदूरपश्चिम प्रदेशमा लोकतान्त्रिक वाम-गठबन्धन, नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी, नेपाल मजदुर किसान पार्टीका साथै स्वतन्त्र उम्मेदवार प्रदेशसभा सदस्यका लागि उम्मेदवार थिए ।

सुदूरपश्चिम प्रदेश निर्वाचन कार्यालयको तथ्यांकअनुसार प्रदेशसभा सदस्यका ८२ जना उम्मेदवारको भने जमानत जफत हुनबाट जोगिएको छ । प्रदेशसभामा एमाले, नेकपा माओवादी केन्द्रलगायत प्रमुख राजनीतिक दलका उम्मेदवारकोसमेत जमानत जफत भएको निर्वाचन कार्यालयले जानकारी दिएको छ ।

यहाँ प्रदेशसभा प्रत्यक्षतर्फ डडेलधुरा प्रदेशसभा २ मा एमालेका गजेन्द्रबहादुर शाही जमानत जफत भएको छ । कूल २४ हजार ५२८ मत सदर मतमध्ये शाहीले एक हजार ३५ मत मात्रै प्राप्त गरेको निर्वाचन कार्यालय धनगढीले जानकारी दिएको छ ।

जमानत जफत हुने धेरै उम्मेदवारमा राष्ट्रिय प्रजातन्त्र पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टीलगायतका उम्मेदवार छन् । जमानत जफत हुनेमा कञ्चनपुर उद्योग वाणिज्य संघका अध्यक्ष पीताम्बर जोशीदेखि बाजुराका राष्ट्रिय प्रजातन्त्र पार्टीका हिक्मतबहादुर शाहीसम्म छन् ।

बाजुरा प्रदेशसभा १ मा माओवादी केन्द्रका कर्णबहादुर विश्वकर्माको पनि जमानत जफत भएको छ । विश्वकर्माले कूल सदर मत २० हजार ७०३ मध्ये जम्मा एक हजार ९८ मत मात्रै प्राप्त गरेको छ ।

सुदूरपश्चिमअन्तर्गत प्रदेशसभाका कूल १९३ उम्मेदवारमध्ये कैलाली निर्वाचन क्षेत्र नं १ प्रदेशसभा २ मा स्वतन्त्र उम्मेदवार चक्रबहादुर चौधरीले सबैभन्दा कम १३ मत प्राप्त गरेका छन् । कूल २८ हजार २०६ मत सदर भएकामा चौधरीले सबैभन्दा कम मत प्राप्त गरेका थिए ।

प्रदेशसभा सदस्यमा सबैभन्दा बढी नेपाली कांग्रेसले १२ सिट, माओवादी केन्द्रले आठ, नागरिक उन्मुक्ति पार्टीले पाँच, एमालेले तीन, नेकपा एकीकृत समाजवादीले तीन र एक जना स्वतन्त्रले निर्वाचनमा जित हासिल गरेका छन् ।

**समानुपातिकमा १८ जना महिला प्रतिनिधित्व हुने**

प्रदेशसभामा प्रत्यक्षतर्फ कुनै पनि महिला उम्मेदवार निर्वाचित नभएकाले राजनीतिक दलले समानुपातिक प्रणालीअन्तर्गत २१ जनामध्ये १८ जना महिला छनोट गर्नुपर्ने भएको छ । प्रदेशसभामा एक तिहाइ महिला प्रतिनिधित्व गराउनुपर्ने संवैधानिक व्यवस्थाअनुसार १८ जना महिला निर्वाचित गराउनुपर्ने निर्वाचन कार्यालयले जनाएको छ ।

सुदूरपश्चिममा प्रत्यक्ष र समानुपातिक गरी नेपाली कांग्रेसले १८ सिट जित्दै पहिलो दल बनेको छ भने प्रत्यक्षतर्फ आठ सिट र समानुपातिकतर्फ तीन गरी ११ सिटसहित माओवादी केन्द्र दोस्रो ठूलो दल बनेको छ ।

**चार जना पुनःनिर्वाचित**

सुदूरपश्चिम प्रदेशसभामा चार जना प्रदेशसभा सदस्यमा दोहोरिएर निर्वाचित भएका छन् । पुनःनिर्वाचित हुनेमा कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ प्रदेशसभा १ बाट आर्थिक मामिलामन्त्री एवं नेकपा एकीकृत समाजवादीका प्रकाश रावल र कैलाली ४ प्रदेशसभा १ बाट प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री एवं नेकपा एकीकृत समाजवादीका दीर्घबहादुर सोडारी छन् ।

त्यसैगरी दार्चुला प्रदेशसभा २ बाट उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री एवं माओवादी केन्द्रका नेता मानबहादुर धामी र अछाम २ प्रदेशसभा १ बाट माओवादी केन्द्रका अक्कलबहादुर रावल प्रदेशसभामा दोस्रोपटक निर्वाचित भएका छन् । *रासस*

# प्रधानसेनापति शर्माले गरे भवन शिलान्यास

**काठमाडौं (प्रस)-** प्रधानसेनापति प्रभुराम शर्माले काभ्रेको बनेपा नगरपालिकास्थित पेरुंगेडाँडामा निर्माण हुने राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको विद्यार्थी आवास र पुस्तकालय भवनसहितका भौतिक पूर्वाधार निर्माणको शिलान्यास गरेका छन् ।

चालु आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा विश्वविद्यालय सञ्चालनमा ल्याइने उद्घोषअनुरूप विद्यार्थी आवास र केन्द्रीय पुस्तकालय निर्माणका लागि शिलान्यास गरिएको हो । विश्वविद्यालय निर्माण कार्यको सिलसिला आव २०७६/७७ बाटै प्रारम्भ भएको थियो । राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा सम्बन्धमा आवश्यक नीति एवं रणनीति तर्जुमा, गहन खोज, अनुसन्धान तथा विश्लेषण गरी राष्ट्रिय सुरक्षालाई सुदृढ तथा समसामयिक बनाउन योगदान दिनसक्ने जनशक्ति निर्माण गर्ने उद्देश्यले उक्त विश्वविद्यालय स्थापना गरिएको हो ।



निजामती सेवा, नेपाली सेना र अन्य सुरक्षा निकायका अधिकृतको राष्ट्रिय सुरक्षासम्बन्धी उच्च शिक्षाको आवश्यकता परिपूर्ति गर्ने हेतुले स्थापना गरिएको विश्वविद्यालयमा विभिन्न शैक्षिक कार्यक्रम तथा प्राज्ञिक गतिविधिका माध्यमबाट राष्ट्रिय सुरक्षासम्बद्ध सञ्जाल विकसित गरिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

रणनीतिक संस्कारको विकास तथा उच्चस्तरको नागरिक-सैनिक सम्बन्ध विस्तार गर्न सहयोग पुऱ्याउने उद्देश्यअनुरूप सो विश्वविद्यालयको स्थापना गरिएको हो ।

# पर्सामा विपद् व्यवस्थापन प्रतिकार्य योजना तयार

■ **प्रभाव संवाददाता**

**वीरगञ्ज-** शीतलहर, जाडोलगायतका सम्भावित हुनसक्ने जोखिम आकलन गरी पर्सामा विपद् व्यवस्थापन समितिले विपद् व्यवस्थापन प्रतिकार्य योजना तयार पारिएको छ । पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलका अनुसार शीतलहर, चिसोका कारण आउने विपद्बाट हुने भौतिक तथा मानवीय क्षतिलाई न्यूनीकरण गर्न राहत, उद्धारलाई प्रभावकारीरूपमा अघि बढाउन योजना तयार पारिएको हो ।

शीतलहर, चिसोका कारण आउने विपद्बाट हुने भौतिक तथा मानवीय क्षतिलाई न्यूनीकरण गर्न प्रभावित क्षेत्र गाउँटोलका गरिब, विपन्न परिवारको पहिचान गरी राहत, उद्धारका लागि आवश्यक पर्ने इन्धन, दाउरा, कम्बललगायतका सामग्री भण्डारण गर्ने र यसको जिम्मेवारी स्थानीय तह, सुरक्षा निकाय, रेडक्रस, उद्योग वाणिज्य संघ, सरकारी तथा गैरसरकारी संस्थालाई दिइएको जिल्ला विपद् व्यवस्थापन समिति पर्साले जनाएको छ ।

यसैबीच जिल्ला विपद् व्यवस्थापन समिति पर्साको बैठकले बाढीपीडित, आगलागी र चटयाङ लागेर मृत्यु भएकालाई राहत प्रदान गर्ने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी उमेश ढकालको अध्यक्षतामा बसेको बैठकले बाढीबाट क्षति भएका पाँच जनालाई ४५ हजार रूपैयाँ र आगलागीबाट घर क्षति भएका १८ जनालाई ८५ हजार गरी १३ जना घरपरिवारलाई एक लाख ३० हजार रूपैयाँ राहत दिने निर्णय गरेको छ ।

यसैगरी साउन ५ गते वीरगञ्ज महानगरपालिका-२८ का दीनानाथ ठाकुर र असोज १० वीरगञ्ज महानगर-२ का सिद्धान्त उपाध्यायको चटयाङ लागेर मृत्यु भएकामा निजका परिवारलाई सरकारले उपलब्ध गराएको जनही दुई/दुई लाख रूपैयाँ गरी चार लाख रूपैयाँ दिने निर्णय भएको छ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office
**Road Division Dhankuta**

**Invitation for Bids**

IFB No: 04/079/080
Date of first publication: 2079/08/25 B.S (2022/12/11 A.D.)

1. Road Division Dhankuta invites electronic bids from eligible bidders for the construction works enlisted below:

| S.N. | Contract No. | Description of Work | Estimated Amount Without VAT) (NRs.) | Bid Security Amount (NRs) | Bid Document fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | RD-DKT/ 33701169/ 079/080/09 | *Upgrading works of Nageswor Marga ( Rambajar Jitpur Sidhuwa to Madhyapahadi ) road section.* | 42,73,445.63 | 1,00,000.00 | 3000.00 |
| 2 | RD-DKT/ 33701169/ 079/080/10 | *Construction of Pakhribas Katteldada Dekhi Muga Jalkanya Maalbase Kavre Hudai Ghodetaar Bhojpur Dhankuta Sadak* | 42,72,863.11 | 1,00,000.00 | 3000.00 |
| 3 | RD-DKT/ 33701169/ 079/080/11 | *Upgradation works of Pakhribas ward No.8 Khatri dada to Ghame Munga road section* | 42,73,409.47 | 1,00,000.00 | 3000.00 |
| 4 | RD-DKT/ 33701169/ 079/080/12 | *Upgradation works of Sukeaal Maamphing Khoku Hudai Chintang Devithaan Sadak Sahid Bhumi Gaaoupalika* | 42,73,460.63 | 1,00,000.00 | 3000.00 |
| 5 | RD-DKT/ 33701169/ 079/080/13 | *Upgrading works of Madhya Chaubise lokmarga (Simsua-Budimorang-Khuwafo-Mounabudhuk-Kurule Sadak) road section* | 42,73,460.38 | 1,00,000.00 | 3000.00 |
| 6 | RD-DKT/ 33701169/ 079/080/14 | *Upgrading of Morang Kerabari Sammeba Dhankuta Kajiman Jorpati Chhatar road section* | 85,46,917.90 | 2,10,000.00 | 3000.00 |
| 7 | RD-DKT/ 33701169/ 079/080/15 | *Upgrading works of Chaubise ward 6 six Dhara Chowk to Gidhhe , Ward 8 Adashan road section* | 42,73,338.13 | 1,00,000.00 | 3000.00 |
| 8 | RD-DKT/ 33701169/ 079/080/16 | *Upgrading works of Lopse Tukromba Kurule Phalametar Road section* | 85,46,744.31 | 2,10,000.00 | 3000.00 |
| 9 | RD-DKT/ 33701169/ 079/080/17 | *Upgrading works of Isibu Bhandari Dada Khamlalung Sankrantibajar Road Section* | 42,73,457.60 | 1,00,000.00 | 3000.00 |
| 10 | RD-DKT/ 33701169/ 079/080/18 | *Upgrading works of Chuhan Dada Kartik Zero point Hoda Tudikhel Newardada Hyaku raod section* | 42,73,355.38 | 1,00,000.00 | 3000.00 |

2. Procurement method: Single Stage Single Envelope (E-Bidding only).
3. Bidders shall have the option of submitting electronically only from PPMO's **website: www.bolpatra.gov.np/egp.**

| Last date & Time for Bid Purchase and Bid Submission | Date & Time for Bid Opening |
|---|---|
| Date: 2079-09-26 B.S. (January 10, 2023 A.D.) | Date: 2079-09-26 B.S. (January 10, 2023 A.D.) |
| Time: 12:00 hours | Time: 13:00 hours |

4. Eligible Bidders may refer Office of Road Division, Dhankuta, or PPMO website: **www.bolpatra.gov.np/egp.** for further information.

**Division Chief**

# डोजर दुर्घटनामा दुई जनाको मृत्यु

**मान्मा (प्रस)-** कालीकोटमा डोजर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । उक्त घटनामा तीन जना बेपत्ता भएका छन् । दुर्घटनामा परी तीन जना घाइते भएको जिल्ला प्रहरी कार्यालय कालीकोटले जानकारी दिएको छ । कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका-१ अँधेरीखोला भिरमा डोजर दुर्घटना भएको हो । फुकोट कर्णाली जलविद्युत् आयोजनाको निर्माणाधीन सुरुङभित्रको पानीको अवस्था जाँच गरी फर्कने क्रममा डोजर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी नायब उपरीक्षक (डिएसपी) जयश्वर रिमालले जानकारी दिए ।

'डोजरमा आठ जना सवार रहेकामा दुई जनाको मृत्यु भएको छ भने तीन जना कर्णाली नदीमा बेपत्ता भएका छन्,' उनले भने, 'दुर्घटनामा तीन जना घाइते भएका छन् ।' डोजर कर्णाली करिडोर नजिकै ८० मिटर तल नदीमा खसेको छ । मृत्यु हुनेमा सान्नी त्रिवेणी गाउँपालिका त्रिवेणी गाउँपालिका-१ का ३० वर्षीया चरित्र सार्की र १६ वर्षीय युवराज बुढा छन् ।

**NOC हराएको सूचना**

Austrilia को लागि २०२२-०५-३० मा जारी भएको NOC २०२२-११-२६ मा कोटेश्वरबाट हराएको हुँदा पाउनु हुने महानुभावहरूले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : स्वस्तिका घिमिरे**
**ठेगाना : ईनरुवा-३, सुनसरी**
**सम्पर्क नं.९८४०८९४७०५**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. १५१७११** को **गणपति टुर्स एण्ड ट्राभल्स प्रा.लि.** को मिति २०७९/०१/१६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

**लिक्विडेटरः राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१**
**फोन नं.** ०१-४३६०२७५, ९८५१०६८४११, **ईमेल :** clnpservice@gmail.com

**जापानमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **THE MIE KUMANO-KODO SOCIETY OF COMMERCE AND INDUSTRY**

पूर्व स्वीकृति मिति : २०७९/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/ ०८ /१८ | LT. No. 277075 | चलानी नं. ६०१९२६४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 0 | 3 | 165042 | १५,९३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ५०,०००/-

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ३ गते (18th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ६३१/०६३/०६४

**Google Overseas Pvt.Ltd**
New Town Planing Airport-9, Kalimatidole, Ktm, Nepal
Phone No.+977-01-4487063 Fax : +977-01-4465296
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com

प्रभाव दैनिक

आइतबार, २५ मंसिर २०७९ (Sunday, December 11, 2022)

रूपशाला

## छत्रले काजलसँग गरे औपचारिक विवाह

लोकदोहोरीमा रूचाइएको जोडी छत्र शाही र काजल जोशी औपचारिक विवाह गरेका छन् । उनीहरूले शुक्रबार बिहान गुह्येश्वरी मन्दिरमा हिन्दु विधिअनुसार विवाह गरेका हुन् । २०७८ सालमै जुम्लामा सामाजिक विवाह गरेका यो जोडीले सिन्दुर हाल्ने लगायतको विधि आज पुरा गरेका हुन् । लोकदोहोरी कार्यक्रम 'इन्द्रेणी' बाट चर्चित छत्र र काजल विवाहअघि प्रेममा रहेका थिए ।



# बुद्धिसागरले ल्याए एक्लो



■ प्रभाव संवाददाता

**काठमाडौं–** बुद्धिसागरद्वारा लिखित उपन्यास ' एक्लो' लोकार्पण गरिएको छ । काठमाडौंको प्रज्ञा प्रतिष्ठान, डबलीमा शनिबार आयोजित विशेष कार्यक्रममा उक्त पुस्तक लोकार्पण गरियो । गोलाप्रथाद्वारा छानिएका १० जना पाठकले पुस्तक सार्वजनिक गरे ।

पुस्तक सार्वजनिक भएपछि लेखक बुद्धिसागरले आफू निकै भावुक भएको बताएका थिए । 'बिहान उठ्दा एकदमै आत्मविश्वासी थिएँ । तर बाटोमा आउँदा आउँदै डर लाग्न थाल्यो । प्रज्ञा प्रतिष्ठानको गेटमा आइपुग्दासम्म खुट्टा नै काँपेको महसुस भयो,' उनले भने ।

'एउटा लेखक २/४ वर्ष साथीहरूको सर्कलबाट काटिन्छ । ऊ भीड छाडेर एकान्तको खोजीमा भौंतारिन्छ । तर होहल्ला मच्चाइरहको आफ्नो मस्तिष्कले आजित हुन्छ । एउटा लेखक वर्षौंसम्म पात्रहरू बोकेर किन हिँडिरहन्छ ?,'

उनले थपे, 'उत्तर धेरै भए पनि एउटा कुरा पक्का हो, ऊ उस्तै तर अरुभन्दा अलिकति फरक, अरुभन्दा अलिकति भिन्न कथा भन्न चाहन्छ । खोज्न चाहन्छ ती मानिस, जो उस्तै सोच र नजरिया राख्छन् । मैले पहिले कतै भनेको छु, संसारमा उस्तै अनुहार भएको अर्को मानिस खोज्ने एप आइसकेका छन् । तर पुस्तक मात्र एउटा यस्तो एप हो, जसले उस्तै भावना भएको अर्को मानिसलाई खोज्न सक्छ ।'

बुद्धिसागरले पाठकसँग भेटिनु आफ्ना लागि लेखनको ऊर्जा रहेको पनि उल्लेख गरे । लेखकले कथा कल्पँदा पाठकले पात्र पाउने र पाठकहरूले कथा पढ्दा लेखकले अनेक अनूभूति पाउने उनको भनाइ छ । 'यो लेनदेन चलिरहन्छ र मेरा लागि यो संसारकै मीठो लेनदेन हो, यो चलिरहोस्,' उनले भने ।

**को हुन् बुद्धिसागर ?**

कैलालीमा जन्मिएका बुद्धिसागरको किशोरावस्था कालीकोटको मान्ममा बितेको हो । ०६० सालको राष्ट्रिय कविता महोत्सवमा स्वर्णपदक जितेका उनले ०६६ सालमा नेपाल सरकारबाट प्रतिभा पुरस्कार प्राप्त गरेका छन् ।

सन् २०१९ मा इन्टरनेसनल राइटिङ प्रोग्राम (आयोवा) का मानार्थ फेलो रहेका उनको उपन्यास कर्नाली ब्लुजको अङ्ग्रेजी अनुवाद सोही नाममा प्रकाशित छ । उनका 'कर्नाली ब्लुज' र 'फिरफिरे' उपन्यास एवम् 'बुद्धिसागरका कविता फाइनप्रिन्ट'बाट प्रकाशित छन् । 'एक्लो' उपन्यास पनि फाइनप्रिन्टले नै प्रकाशन गरेको हो ।

# चिलगाडी निर्देशनको जिम्मा गुरुङलाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'चिलगाडी' निर्देशनको जिम्मा 'मन्त्र' का निर्देशक खिलबहादुर गुरुङले पाएका छन् । दुई वर्षअघि निर्माण घोषणा भएको रघुनाथ सापकोटा निर्माता रहने फिल्मको काम कोभिड-१९ का कारण अगाडि बढ्न सकेको थिएन । अव भने फिल्मको काम अगाडि बढ्ने भएको हो ।

फिल्म निर्देशक सम्बन्धमा निर्माता सापकोटा र निर्देशक गुरुङबीच बिहिबार कागजी सम्झौता भएको छ । सापकोटा र गुरुङबीच कागजी सम्झौता भएसँगै माग १५ बाट फिल्म छायांकन सुरु गर्ने तयारी रहेको छ । फिल्मको घोषणा हुँदा निर्देशकमा जनकदीप पराजुली रहेका थिए । उनले आफ्नो कार्य व्यस्तताका कारण नभ्याउने भएपछि 'चिलगाडी' को जिम्मा फिल्म 'मन्त्र' का निर्देशक गुरुङको हातमा परेको हो ।

फिल्मको निर्देशक फाइनल भएसँगै अब कलाकार छनोटको कार्य सुरु भएको छ । फिल्मको पटकथा तथा संवाद यम थापाले लेखेका हुन् । फिल्मलाई सागर प्रधानले खिच्नेछन् भने अर्जुन पोखरेलको संगीत रहनेछ ।



निर्देशक गुरुङका अनुसार फिल्म ' चिलगाडी' सामाजिक विषयवस्तुमा आधारित भएर हास्य प्रधानमा निर्माण हुनेछ । 'चिलगाडी' ले युवापुस्ताको प्रतिनिधित्व गर्दै महत्वपूर्ण सन्देश दिने निर्माता सापकोटा बताए । फिल्म निर्माता सापकोटाको प्रोडक्सन हाउस सेलिब्रेटी नेपालको ब्यानरमा बन्न लागेको हो ।

# राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको दोस्रो सुदूरपश्चिम अधिवेसन हुँदै

■ प्रभाव संवाददाता

**कैलाली–** राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल सुदूरपश्चिम प्रदेशको दोस्रो प्रदेश अधिवेसन पुस २२ र २३ गते हुने भएको छ । अधिवेसनको तयारीका लागि प्रतिष्ठानका अध्यक्ष पदम बहादुर धामीको अध्यक्षतामा आज बसेको बैठकले विभिन्न उपसमिति गठन गरेको छ ।

धामीको अध्यक्षतामा ९ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ । उक्त समितिको सदस्य सचिवमा सूर्यबहादुर साउद र सदस्यहरूमा जीवन थापा, दीर्घराज फुलारा, युवराज जोशी, भीम विष्ट, लोकेन्द्रप्रसाद खनाल, नवीन साउद र पूर्ण भाट रहेका छन् ।

त्यस्तै युवराज जोशीको संयोजकत्वमा गठन गरिएको आर्थिक उपसमितिको सदस्यमा धनबहादुर विक, पीताम्बर ओली, लालबहादुर धामी र निर्मला बोगटी रहेका छन् । प्रचारप्रसार उपसमितिको संयोजक जिम्मा सूर्य बहादुर साउदलाई दिएको छ भने उक्त समितिको सदस्यमा झलक पाली, भोजराज भाट र प्रेम विवश चन्द रहेका छन् ।

त्यस्तै सांस्कृतिक उपसमितिमा भीम विष्ट, अतिथि सत्कारमा पदम बहादुर धामी, मञ्च व्यवस्थापन समितिमा जीवन थापा, प्रशासनिक उपसमितिमा लोक प्रसाद खनाल भोजन तथा आवासमा दीर्घराज फुलारा, स्वयंसेवकमा नवीन साउद र समन्वय तथा यातायात उपसमितिमा पूर्ण प्रसाद भाटलाई संयोजक जिम्मेवारी दिइएको छ ।

उक्त बैठकले प्रतिष्ठानका सल्लाहकार सुरत रावत डोटेली कान्छा संयोजक रहने गरी मूल्याङ्कन समिति पनि गठन गरेको छ । मूल्याङ्कन समितिको सदस्यमा पदमबहादुर धामी र हर्क घर्ती मगर सदस्य रहेका छन् ।

## रंगशाला

**एसिया यू-१८ रग्बी**

# भारतमाथि नेपालको जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिया रग्बी यू-१८ सेभेन्स च्याम्पियनसिपमा नेपाली पुरुष टोलीले भारतमाथि जित हात पारेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा पहिलो दिनको आफ्नो अन्तिम खेलमा शनिबार नेपालले भारतलाई हराएको हो । नेपालले भारतलाई १२-१० ले हराएको छ ।

पहिलो खेलमा थाइल्याण्डसँग १५-७ ले पराजित भएको नेपाली टोली दोश्रो खेलमा मलेसियासँग ३४-० ले पराजित भएको थियो । पहिलो खेलमा मलेसियासँग १४-५ ले पराजित भएको भारतले दोश्रो खेलमा थाइल्याण्डलाई २९-० ले हराएको थियो ।

महिलातर्फ नेपालले हारबाट नै प्रतियोगिताको शुरुवात गरेको छ । महिलातर्फको पहिलो खेलमा नेपाल थाइल्याण्डसँग ३९-० ले पराजित भएको छ । दोश्रो खेलमा युएईसंग नेपाली महिला टोली ४१-० ले पराजित भएको थियो ।



अन्य खेलमा चाइनिज ताइपेई पुरुष टोलीले बंगलादेशलाई ७०-० ले हराएको छ । युएई पुरुष टोलीले दक्षिण कोरियालाई २४-७ ले हराएको छ । भारत महिला टोलीले मलेसिया माथि ५८-० को जित निकालेको छ । युएई पुरुष टोलीले बंगलादेश माथि ८१-० को जित निकालेको छ । दक्षिण कोरिया पुरुष टोलीले चाइनिज ताईपेईलाई १७-१२ ले हराएको छ । मलेसिया पुरुष टोलीले थाइल्यान्डलाई १७-० ले हराएको छ । चाइनिज ताईपेई पुरुष टोलीले युएईलाई ३२-५ ले हराएको छ । आजको अन्तिम खेलमा दक्षिण कोरिया पुरुष टोलीले बंगलादेशलाई ८०-० ले हराएको छ ।

आइतबार थाइल्यान्ड पुरुष टोली र बंगलादेश, नेपाल र चाइनिज ताईपेई पुरुष टोली, मलेसिया र कोरिया पुरुष टोली तथा भारत र युएई पुरुष टोली विच खेल हुनेछ ।

पुरुषतर्फ नेपाल रहेको पुल 'ए' मा थाइल्याण्ड, मलेसिया र भारत छन् । यस्तै पुल 'बी' मा दक्षिण कोरिया, बंगलादेश, यूएई र मलेसिया छन् । पुरुषतर्फ दुवै पुलका शीर्ष दुई सेमिफाइनलमा पुग्नेछन् । सेमिफाइनलका विजेताबीच फाइनल हुनेछ ।

महिलातर्फ नेपाल, भारत, यूएई, थाइल्याण्ड र मलेसियाबीच राउण्ड रोविनका आधारमा प्रतिस्पर्धा हुनेछ । शीर्ष दुई टिमले फाइनल खेल्नेछन् । शनिबारबाट शुरु भएको प्रतियोगितामा पुरुषमा ८ तथा महिलामा ५ टिम सहभागी छन् ।

# नेपालगञ्ज म्याराथनको उपाधि सेनाका खड्कालाई



■ प्रभाव संवाददाता

**नेपालगञ्ज–** आठौँ संस्करणको धारा नेपालगञ्ज म्याराथनको उपाधि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबका खड्गबहादुर खड्काले जितेका छन् । नेपालगञ्जमा शनिबार भएको म्याराथनमा खड्काले निर्धारित दूरी दुई घण्टा २० मिनेट २८ सेकेन्डमा पूरा गर्दै उपाधि हात पारेका हुन् ।

म्याराथनमा दोस्रो र तेस्रो आर्मीकै क्रमशः नरेन्द्रसिंह रावत र मोहनदेव जोशी भए । रावतले निर्धारित दूरी दुई घण्टा २२ मिनेट २९ सेकेन्डमा तथा जोशीले दुई घण्टा २४ मिनेट ३६ सकेन्डमा पूरा गरे । यसअघि सातौं संस्करणको धारा नेपालगञ्ज म्याराथनको उपाधि एपीएफ क्लबका किरणसिंह विष्टले जितेका थिए । उपाधि विजेता खड्काले रु एक लाख ५० हजार पुरस्कार प्राप्त गरे । दोस्रो भएका रावतले रु रु ६० हजार र तेस्रो भएका जोशीले रु ३० हजार पुरस्कार प्राप्त गरे ।

यस्तै आठौं संस्करणकै महिला हाफ म्याराथनको उपाधि बागमती प्रदेशकी सन्तोषी श्रेष्ठले जितिन् । उनी सातौँ संस्करणकी समेत च्याम्पियन हुन् । उनले निर्धारित दूरी एक घण्टा १६ मिनेट ४१ सकेन्डमा पूरा गर्दै रु ६० हजार पुरस्कार प्राप्त गरिन् । यस्तै सो म्याराथनमा दोस्रो भएकी अञ्जली चौहानले निर्धारित दूरी एक घण्टा २५ मिनेट १५ सकेन्डमा पूरा गरिन् भने तेस्रो भएकी अञ्जु खड्काले एक घण्टा ३६ मिनेट ४४ सेकेन्डमा पूरा गरिन् । दुवैजनाले क्रमशः रु ३० हजार र रु १५ हजार पुरस्कार प्राप्त गरेको आयोजक क्रियटिभ ह्याण्ड्सका अध्यक्ष एवं नेपालगञ्ज म्याराथनका संस्थापक टिएस ठकुरीले जानकारी दिए ।

हरेक वर्ष मङ्सिर पाँच गते आयोजना गरिँदै आएको म्याराथन यसवर्ष प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका कारण दुई साता पर धकेलिएको ठकुरीले बताए । प्रतियोगिता क्रियटिभ ह्याण्ड्सको आयोजना तथा क्रियटिभ गन्ज मिडिया एण्ड इभेन्ट म्यानेजमेन्टको व्यवस्थापनमा भएको हो ।

# टोखा मेयर कप जितकुन्डोमा काठमाडौं च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंले तेश्रो टोखा नगरपालिका मेयर कप आमन्त्रण जितकुण्डो मार्सल आर्ट प्रतियोगिताको उपाधि शनिबार जितेको छ । काठमाडौं ४ स्वर्ण, ३ रजत र ७ कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो ।

नेपाल जितकुण्डो मार्सल आर्ट संघद्वारा आयोजित प्रतियोगितामा सर्लाही समान २-२ स्वर्ण र रजतसाथ दोश्रो भयो । तेश्रो स्थानको सिन्धुपाल्चोकले १ स्वर्ण, ३ रजत र १ कांस्य जित्यो । धनगढीले १ स्वर्ण प्राप्त गर्यो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको प्रतियोगिताको पुरुषमा काठमाडौंका विजय थापा तथा महिलामा काठमाडौंकै सुस्मिता दनुवार राई उत्कृष्ट खेलाडी घोषित भए ।

पुरुषको ३०.५-३५ केजीमा काठमाडौंका लोकेन्द्र तामाङ, ३५.५-४० केजीमा सर्लाहीका कृष्ण पण्डित, ४०.५-४५ केजीमा धनगढीका नितेश कठायत, ४५.५-५० केजीमा काठमाडौंका विजय थापा, ५०.५-५५ केजीमा काठमाडौंका सुनिल विष्ट र ५५.५-६० केजीमा काठमाडौंका सुमन तामाङले स्वर्ण जिते ।

टोखा नगरपालिकाको मुख्य प्रायोजनमा भएको प्रतियोगिताको महिला ५० केजीमुनि सिन्धुपाल्चोककी जमुना दनुवार तथा ५० केजीमाथि सर्लाहीकी चान्द यादवले पहिलो स्थान हात पारे । पदक विजेता र उत्कृष्ट सबै खेलाडीले नगद पुरस्कार प्राप्त गरे ।

विजेतालाई टाखा नगरपालिकाका मेयर प्रकाश अधिकारी, टोखा नगरपालिका वडा ४ का अध्यक्ष धर्मेन्द्र श्रेष्ठ, आयोजक संघका अध्यक्ष रामबहादुर ठकुरी, आयोजक संघका महासचिव एवं प्रमुख प्रशिक्षक शिवबहादुर थापा, जितकुन्डोका अन्तर र्राष्ट्रिय प्रशिक्षक सिफु जोक्युन मार्सिलोलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

दुईदिने प्रतियोगिताअन्तर्गत पुरुषमा १ सय १० र महिलामा ४० गरी १ सय ५० खेलाडी सहभागी थिए । पुरुषमा ६ तथा महिलामा २ गरी ८ स्पर्धामा प्रतिस्पर्धा भएको थियो ।

प्रतियोगिताअघि संघको आयोजनामा सातौं अन्तर्राष्ट्रिय जितकुन्डो सेमिनार आयोजना गरिएको थियो । राखेपमै भएको दुईदिने सेमिनारमा नेपाल, भारत, बंगलादेश र श्रीलंका सहभागी थिए ।



**राष्ट्रपतिविरुद्ध प्रदर्शन**
फिलिपिन्सको राजधानी मनिलामा शनिबार अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाउने क्रममा त्यहाँका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरको पुतलामा लात हान्दै एक प्रदर्शनकारी। राष्ट्रपति फर्डिनान्डको प्रशासनमा गैरन्यायिक हत्या र अन्याय बढेको भन्दै सयौं मानिसहरू विरोध प्रदर्शनमा उत्रिएका थिए। *तस्बिरः एपी*

# लुसेल रंगशालाको प्यारापिटमा पत्रकारको मृत्यु




**लुसेल (कतार)-** प्रख्यात अमेरिकी खेल पत्रकार ग्रान्ट वाहलको यहाँस्थित लुसेल रंगशालाको प्यारापिटमा समाचार संकलनका क्रममा मृत्यु भएको छ। विशेषगरी फुटबलमा दक्खल भएका र सोही खेलमा अधिक कलम चलाउने उनको अर्जेन्टिना र नेदरल्याण्ड्सबीचको विश्वकप खेलको खबर संकलनका क्रममा रंगशालाको पत्रकार दिर्घामा मृत्यु भएको हो।

अर्जेन्टिना र नेदरल्याण्ड्सबीचको रोमञ्चक खेलको अतिरिक्त समयमा पत्रकार दिर्घामा ढलेका ग्रान्टलाई उनीसँगै बसेका पत्रकार हरूले सहयोगका लागि आह्वान गरेका थिए। आपत्कालीन सेवाका कर्मचारीले तत्काल उनलाई अस्पताल पुऱ्याए पनि त्यसअघि नै उनको मृत्यु भएको सञ्चारर्मीलाई बताइएको थियो।

अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) विश्वकप फुटबल प्रतियोगिता आयोजक समितिले पत्रकार ग्रान्टलाई तत्काल एम्बुलेन्समा हालेर हमाद जनरल अस्पताल लगिएको तथा त्यहाँ उनको आपत्कालीन उपचार गरिएको जनाउँदै उनको परिवारको इच्छाअनुसार शव फिर्ता गर्ने प्रक्रिया सुनिश्चित गर्न अमेरिकी दूतावास र सम्बन्धित स्थानीय अधिकारीहरूसँग सम्पर्कमा रहेको बताएको छ। यद्यपि, फिफाले उनको मृत्युको कारण सार्वजनिक गरेको छैन।

गत बुधबार उनले ट्वीट गर्दै त्यो दिन आफ्नो ४८ औं जन्मदिन मनाएको बताएका थिए। अमेरिकी फुटबल महासंघले एक विज्ञप्ति निकालेर मानवअधिकार प्रवर्द्धनलाई अगाडि बढाउन खेलकुद क्षेत्र शक्तिशाली हुनेमा उनी विश्वस्त रहेको बताउँदै फुटबल खेलाडी र प्रेमीका निम्ति उनी प्रेरणाका स्रोत थिए भनेको छ। उनको निधनबाट महासंघ निराश भएको वक्तव्यमा उल्लेख छ।

ग्रान्ट आफ्नो खेलपत्रकारिता 'करिअर'को आठौं विश्वकपको समाचार संकलनमा व्यस्त थिए। अघिल्लो सोमबार उनले आफ्नो वेबसाइटमा अस्वस्थताका कारण चिकित्सकहाँ गएको लेखेका थिए। निद्रा नपुगेको र धेरै कामले तनाव भएको उल्लेख गर्दै उनले संयुक्त राज्य अमेरिका र नेदरल्याण्ड्सबीचको खेल भएको दिन आफ्नो छातीको माथिल्लो भागमा असहज भएको बताएका थिए।

केही दिनअघि मात्र ग्रान्टलाई फिफा र अन्तर्राष्ट्रिय खेलकुद पत्रकार संघले लगातार आठ विश्वकप खेलको समाचार संकलन एवं सम्प्रेषण गरेकामा सम्मान गरिएको थियो। फिफाका अध्यक्ष जियानी इन्फान्टिनोले उनको निधनबाट विश्वभरका खेल पत्रकार मर्माहत भएका र उनको योगदान संसारले सम्झिरहने बताएका छन्।

यसैबीच, अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले ग्रान्ट वाहलको मृत्युको खबरले अमेरिकी सरकार मर्माहत भएको बताउँदै उनका परिवारजनमा समवेदना व्यक्त गरेका छन्। प्रवक्ता प्राइसले ग्रान्टको परिवारको चाहना यथाशीघ्र पूरा गर्न कतारका वरिष्ठ अधिकारीहरूसँग निकट सम्पर्कमा रहेको जनाएका छन्।

पत्रकार ग्रान्टकी श्रीमती डा. सेलिन गाउन्डर न्युयोर्क युनिभर्सिटी स्कूल अफ मेडिसिनमा अध्यापन गर्छिन्। बेलेभ्यु अस्पताल केन्द्रमा चिकित्सक र सिबिएस न्युजमा पनि उनी कार्यरत छन्। उनले आफ्ना पतिको असामयिक निधनमा समवेदना एवं सहानुभूति प्रकट गर्ने 'फुटबल परिवार'का साथै सबैप्रति आभार व्यक्त गर्दै आफूमाथि ठूलो बज्रपात भएको बताएकी छन्। *राससः/एपी*

# आसाममा ७० करोड बराबरको लागुऔषध नियन्त्रणमा

**काछार-** आसामको काछारमा शुक्रबार राति करिब ६०-७० करोड रूपैयाँ बराबरको अवैध लागुऔषध बरामद गरिएको छ भने पाँच जनालाई पक्राउ गरिएको छ।

यहाँका एक वरिष्ठ प्रहरी अधिकारीले नाम नछाप्ने सर्तमा एएनआईसँग फोनमा कुरा गर्दै भने, 'सूचनाको आधारमा अनुसन्धान गर्दा काछार जिल्लाको प्रहरी टोलीले शुक्रबार राति मिजोरमबाट आउँदै गरेको दुई ट्रकलाई रोकी खान तलासी गर्दा दुई लाख याबा टेबुल बरामद गरेको हो। हामीले घटनास्थलबाट चार जनालाई र पछि थप एक जनालाई पक्राउ गरेका छौं। एउटा ट्रक पनि नियन्त्रणमा लिइएको छ।'

बरामद लागुऔषधको बजार मूल्य करिब ६० देखि ७० करोड रूपैयाँ रहेको बताउँदै उनले चार महिनामा काछार प्रहरीले २०० करोडभन्दा बढीको लागुऔषध बरामद गरेको जानकारी दिए। यसअघि, तीन लागुऔषध कारोबारीलाई पक्राउ गरिएको र असमको कार्बी आंलोङ जिल्लामा उनीहरूबाट सात करोड रूपैयाँ मूल्य बराबरको तस्करी बरामद गरिएको लागुऔषध पक्राउ गरिएको थियो।

सूचनाका आधारमा कार्वी आंलोङ प्रहरीको टोलीले बिहीबार राति खटखती क्षेत्रमा अप्रेसन गर्दा दुईवटा ट्रकलाई नियन्त्रणमा लिएको पनि अधिकारीले जनाएका छन्। खोजीका क्रममा दुईवटा गाडीबाट ३० हजार प्रतिबन्धित याबा ट्याब्लेट र ७५७.१५ ग्राम हेरोइनलगायतका सामान बरामद गरिएको पनि प्रहरीले बताएको छ। *राससः/एएनआई*

# 'आर्थिक-सामाजिक विकासका निम्ति बेल्ट एण्ड रोड इनिसिएटिभ उपयोगी'



**रियाद, दोहा-** चीनले अघि सारेको विकास-निर्माणको विशाल परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ साउदी अरबको आर्थिक-सामाजिक विकासका निम्ति उपयोगी हुने बताएको छ। साथै, उसले आफ्नो देशको 'भिजन २०३०'लाई अघि बढाउन तथा उन्नत विज्ञान र प्रविधिबीच तालमेल मिलाउन चिनियाँ परियोजना फलदायी हुने विश्वास व्यक्त गरेको छ।

साउदीका उद्योग तथा खनिज सम्पदामन्त्री बन्दर अल्खोरायफले सिन्ह्वासँगको अन्तर्वार्तामा अर्थतन्त्र र व्यापारका क्षेत्रमा दुई देशबीचको सहकार्य एवं साझेदारीको महत्त्वमा जोड दिँदै प्रचुर मात्रामा खनिज सम्पदा भएको आफ्नो देश र नवप्रवर्तन तथा उच्च प्रविधिको विकासमा अग्रपंक्तिमा रहेको चीनसँगको सहकार्यबाट खनिज स्रोतको विकासमा सघाउ पुग्ने बताए।

दुवै मुलुकको साझेदारीबाट खनिजको अधिकतम दोहनका साथै अर्थव्यवस्थामा विविधीकरण, अर्धतयार वस्तुको उत्पादन, प्रशोधन एवं निर्यात बढाउन सहज हुनेमा उनले जोड दिए। चिनियाँ कम्पनीहरूको प्रभावशाली प्रदर्शन र अनुभवलाई आफ्नो देशका युवा तथा महिलामा हस्तान्तरण गर्नसके पारस्परिक लाभका धेरै क्षेत्रमा सहकार्य बढ्नसक्ने उनले बताए। साथै, उनले द्विपक्षीय सहयोग प्रवर्द्धन अथाह सम्भावना रहेका बताए।

ऊर्जा र खानी उद्योगबाहेक अनुपम भौगोलिक अवस्थिति एवं पूर्णपूर्वाधार भएको साउदी अरबमा फस्टाउँदै गरेको 'स्टार्टअप'मा लगानी गरेर मध्यपूर्व र उत्तर अफ्रिकामा व्यापार विस्तार गर्ने महत्त्वपूर्ण केन्द्र बनाउन सकिने भन्दै उनले आफ्नो देशको रेलमार्ग, बन्दरगाह र एक्सप्रेसवे निर्माणमा सहभागी हुन आह्वान गरे।

मन्त्री अल्खोरायफले भाषा शिक्षा र व्यावसायिक तालिमजस्ता जनता-जनताबीचको आदानप्रदानमा साझेदारी विस्तार गर्न दुवै पक्षलाई आग्रह गरे। चीन आर्थिक क्षेत्रमा मात्रै नभएर अन्य धेरै क्षेत्रमा पनि साउदीको महत्त्वपूर्ण साझेदार भएको उनले बताए।

चीनले अघि सारेको विश्वको विकास प्रयासको प्रशंसा गर्दै साउदी मन्त्रीले हाल विश्वले सामना गरिरहेका धेरै चुनौतीको सामना कुनै पनि देश एक्लैले गर्न नसक्ने त्यसनिम्ति सहयोग आवश्यक पर्ने यथार्थ सुनाए। उनले एकापसका सहयोगबाटै विकासका लक्ष्य हासिल गर्न सहज हुने बताए। *राससः/सिन्ह्वा*

# आठ हजारभन्दा बढी भारतीय नागरिक विदेशी जेलमा

**नयाँदिल्ली-** आठ हजारभन्दा बढी भारतीय हाल विभिन्न देशका विदेशी जेलमा कैदीबन्दीका रूपमा रहेको बताइएको छ। तीमध्ये चार हजार ३८९ जना खाडी देशका जेलमा रहेको केन्द्रीय विदेश राज्यमन्त्री वी मुरलीधरनले शुक्रबार बताएका छन्।

'मन्त्रालयमा उपलब्ध तथ्यांकअनुसार भारतीय हाल विदेशी कारागारमा पुर्पक्षमा रहेका लगायतका कैदीको संख्या आठ हजार ४४१ रहेको छ। जसमध्ये चार हजार ३८९ खाडी मुलुक (संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, कतार, कुवेत, बहराइन, ओमान)का जेलमा रहेका छन्,' उनले भने।

युएई जेलमा रहेका कैदीले भारतीय जेलमा आफ्नो बाँकी सजाय काट्न सक्छन् कि भनेर सोधिएको प्रश्नको जवाफ दिँदै, राज्यमन्त्रीले सजाय पाएका व्यक्तिको स्थानान्तरण (टिएसपी), जुन नोभेम्बरमा हस्ताक्षर भइसकेको उनले बताए।

'टिएसपी सम्झौताअन्तर्गत सजाय पाएको व्यक्तिलाई आफ्नो देशमा स्थानान्तरण गर्न कैदीको स्थानान्तरणको इच्छा, स्थानान्तरण र प्राप्त गर्ने देशको सहमति, अनुरोध प्रक्रियाका लागि आवश्यक पूर्णकागजातको उपलब्धता, क्लियरेन्सजस्ता विभिन्न औपचारिकता पूरा गर्नुपर्ने हुन्छ र सो प्रक्रियका लागि आवश्यक कागजातको युएई पठाइएको छ,' उनले भने।

दोहामा हिरासतमा रहेका आठ पूर्वनौसैनिक अधिकारीको मुद्दा फेरि चर्चामा आएपछि यो विषय पुनःसार्वजनिक चासोको मुद्दा बनेको हो। डिसेम्बर १ मा मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले भारतले कतारमा पक्राउ परेका पूर्वभारतीय नौसेना अधिकारीको मामलामा नियमितरूपमा प्रतिक्रिया दिइरहेको र दूतावासले यस विषयलाई गम्भीररूपमा लिइरहेको बताएका छन्।

प्रवक्ताले केही थुनुवाका दोहामा परिवार छन् र उनीहरूलाई साप्ताहिकरूपमा भेटघाट गर्न अनुमति दिइएको पनि बताएका छन्। *राससः/एएनआई*

# ब्राजिलका राष्ट्रपति बोल्सोनारोले मौनता तोडे

**ब्राजिलिया-** ब्राजिलका राष्ट्रपति जैर बोल्सोनारोले शुक्रबार आफ्नो चुनावी पराजयले आफ्नो अत्मालाई चोट पुगेको भन्दै मौनता तोडेका छन्। बोल्सोनारोले अक्टोबर ३० मा तीक्ततापूर्ण रनअफ चुनावमा वामपन्थी प्रतिद्वन्द्वी लुइज इनासियो लुला दा सिल्भासँगको पराजयपछि सार्वजनिकरूपमा निर्वाचनको परिणामबारे कुनै प्रतिक्रिया दिएका थिएनन्।

'म लगभग ४० दिनदेखि मौन छु। यसले मलाई पीडा दिइरहेको छ, मेरो आत्मा दुखिरहेको छ। यद्यपि म सधैं खुसी हुने व्यक्ति हुँ,' उनले भनेका छन्।

उनको पराजयपछि उनका हजारौं समर्थकले सडक अवरुद्ध गर्दै सेनालाई लुलालाई सत्ता लिनबाट रोक्न आग्रह गर्न सैन्य ब्यारेक अगाडि प्रदर्शनसमेत गरेका थिए। बोल्सोनारो जनवरी १ सम्म पदमा रहने छन्। *राससः/एएफपी*

# फ्लुबाट अमेरिकामा ७ हजार ३०० को मृत्यु

**लस एन्जलस-** संयुक्त राज्य अमेरिकामा डिसेम्बर ३ सम्ममा हप्तामा २५ हजारभन्दा बढी मानिस फ्लूका कारण अस्पतालमा भर्ना भएको अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रद्वारा शुक्रबार जारी गरिएको तथ्यांकले देखाएको छ।

मौसमी इन्फ्लुएन्जा गतिविधि देशभर उच्च रहेको पनि केन्द्रले जनाएको छ।

यस याममा संयुक्त राज्य अमेरिकामा हालसम्म फ्लुबाट कम्तीमा एक करोड ३० लाख बिरामी भएको र एक लाख २० हजार अस्पताल भर्ना भएका छन् भने सात हजार ३०० जनाको मृत्यु भएको केन्द्रले जनाएको छ। *राससः/सिन्ह्वा*

# पेरूको चुनाव अगाडि सार्ने संकेत

**लिमा-** पेरुका नवनिर्वाचित राष्ट्रपति डिना बोल्वार्टेले आगामी निर्वाचन निर्धारित समयभन्दा अगावै हुन सक्ने संकेत गरेका छन्।

उनले यदि परिस्थिति अनुकूल भयो भने सरकारले चुनाव अगाडि सार्ने गरी कंग्रेसका राजनीतिक र लोकतान्त्रिक शक्तिसँग वार्ता गर्ने सम्भावना रहेको बताएका छन्।

बोल्वार्टेले बुधबार पदभार ग्रहण गर्दै कंग्रेसले उनको पूर्ववर्ती पेड्रो कास्टिलोलाई विधायिका भंग गर्ने असफल प्रयासको गरेको केही घण्टापछि महाभियोग लगाएको थियो। सुरक्षा बलद्वारा हिरासतमा रहेका कास्टिलोले यसअघि विपक्षी नेतृत्वको कंग्रेसले अनुमोदन गरेको महाभियोग प्रस्ताव आफूविरुद्ध राजनीतिक खेलको हिस्सा भएको टिप्पणी गरेका थिए।

पेरुको अरेक्विपा, इका र टयाक्ना क्षेत्रमा पान-अमेरिकन राजमार्गको केही भागमा विरोध प्रदर्शन भइरहेका बेला प्रारम्भिक चुनावमा बोलुआर्टेको टिप्पणी सार्वजनिक भएको हो। त्यहाँ स्थानीयले कास्टिलोको गिरफ्तारीको विरोधमा ढुंगा, लाठीसहित टायर बालेर सडक अवरुद्ध गरेका छन्। *राससः/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १००३०० | प्रति तोला - ९९८०० | प्रति तोला - १३९० |



**मौरी खेती** | मोरङको भाउन्नेस्थित तोरीबारीमा चरनका लागि ल्याइएका मौरीका घार । *तस्बिर: विवेक मिश्र/रासस*

## पर्वतीय पर्यटनमा नेपालको प्रचूर सम्भावना : उपराष्ट्रपति पुन

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपराष्ट्रपति नन्दबहादुर पुनले पर्वतीय पर्यटनमा नेपालको प्रचूर सम्भावना रहेको बताएका छन् ।

विश्वपर्यटन दिवसका अवसरमा नेपाल पर्वतारोहण सङ्घद्वारा, अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरामा आयोजित सातौँ पर्वतीय महोत्सवको शनिबार उद्घाटन गर्दै उपराष्ट्रपति पुनले पर्वतीय पर्यटनका धेरै सम्भावनालाई अझै पनि अपेक्षित उपयोग गर्न नसकिएको बताए ।

नेपाल प्राकृतिकरूपमा सम्पन्न भएको बताउँदै उनले यस्ता सम्पन्नतालाई पर्यटकीयरूपमा उपयोग गर्दै समृद्धि हासिल गर्न सकिनेमा जोड दिए । प्रकृति र संस्कृतिसँगै विभिन्न जातजाति भाषाभाषीका विविधता हाम्रो सम्पत्ति भएको उल्लेख गर्दै उपराष्ट्रपति पुनले तिनको भरपुर उपयोग गर्नुपर्नेमा जोड दिए ।

विश्वका आठ हजारभन्दा बढी उचाइका १४ वटा हिमचुचुरामध्ये सगरमाथासहित आठ वटा नेपालमै पर्छन । उहाँले पर्वतीय पर्यटनका माध्यमबाट यहाँको पर्यटनमा विशिष्ट योगदान हुनसक्ने धारणा राखे ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले प्रकृति र संस्कृतिका विविधता रहेको नेपाल हिमाल पहाड र तराई गरी भौगोलिक संरचनामा विभक्त भएको बताए ।

जैविक विविधता पनि यहाँको अर्को महत्वपूर्ण पक्ष भएको बताउँदै उनले यसको संरक्षण र उपयोगमा जोड दिए । पदयात्रासँगै साहसिक पर्यटकका विभिन्न गतिविधिका माध्यमबाट पर्यटकीय विकास सम्भव भएको बताउँदै मन्त्री श्रेष्ठले साधनस्रोतलाई उपयोग गर्दै रोजगारीका अवसर सिर्जना गर्न सकिने बताए ।

गण्डकी प्रदेशका पर्यटन उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थामन्त्री मणिभद्र शर्मा कँडेलले पछिल्ला समयमा जलवायु परिवर्तनको असर हिमाली एवं पर्वतीय क्षेत्रमा पर्न थालेको बताए । नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निवानार्बु शेर्पाले पर्वतीय पर्यटनको संरक्षण र विकासमा राज्यको ध्यान पुग्नुपर्ने आवश्यकता औँल्याए ।

कार्यक्रममा पर्वतारोहणका क्षेत्रमा विशिष्ठ योगदान गर्ने विभिन्न व्यक्तित्वलाई उपराष्ट्रपति पुनले कदरपत्र, मेडल र दोसल्लासहित सम्मान गरेका थिए । उक्त अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले मन्त्रालयले पर्यटनको दिगो विकासका लागि ७३ बुँदे कार्ययोजना अघि सारेको जानकारी दिए ।

विश्वपर्यटन दिवसका अवसरमा आयोजित महोत्सव मङ्सिर २४ र २५ गते दुई दिनसम्म सञ्चालन हुने र पर्वतीय महत्वमा विभिन्न ३० वटा कक्ष रहेको नेपाल पर्वतारोहण सङ्घका प्रथम उपाध्यक्ष एवं अन्तराष्ट्रिय पर्वतीय सङ्ग्रहालयका संयोजक ठाकुरराज पाण्डेले जानकारी दिए ।

## अमलेखगञ्जमा पेट्रोल टयांकी निर्माण गर्दै निगम

■ अच्युत रेग्मी

**अमलेखगञ्ज–** नेपाल आयल निगमले बाराको अमलेखगञ्जमा पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह (टयांकी) निर्माण गर्ने तयारी थालेको छ ।

विसं २०७६ भदौ २४ गते भारतको मोतिहारीदेखि नेपालको बाराको अमलेखगञ्जसम्म ६९ किलोमिटर ‘मल्टी पाइप लाइन’ विस्तार गरेर डिजेल ल्याउन सुरु गरेको निगमले पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह निर्माण गर्ने तयारी थालेको हो । पाइपलाइन विस्तार भएको ६९ किलोमिटर क्षेत्रमध्ये भारतमा ३३ र नेपालमा ३६ किलोमिटर भूभाग पर्दछ । उक्त पाइपलाइन विस्तारका लागि भारतीय आयल निगमले रु दुई अर्ब भारतीय रूपैँया खर्च गरेको थियो ।

एउटै पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टितेल ल्याउन मिल्ने भए पनि भण्डारणका लागि छुट्टै भण्डारण गृह नहुँदा पेट्रोल र मट्टितेल पाइपलाइनबाट ल्याउन समस्या भएको थियो । अमलेखगञ्जमा पेट्रोल र मट्टितेलको लागि भण्डारण गृह नहुँदा पाइपलाइनको उपयोग ५० प्रतिशतभन्दा कम भएको छ ।

अमलेखगञ्जमा हाल डिजेल भण्डारणका लागि दुई ४५ लाख लिटरका ट्याङ्की, एक ४१ लाख तथा अर्को ३९ लाख लिटरको ट्याङ्की रहेको छ । उक्त क्षेत्रबाट हाल एकैपटक २१ गाडीले डिजेल भर्न पाउँछन् । पाइपलाइनमार्फत भारतको मोतिहारीदेखि अमलेखगञ्जसम्म डिजेल ल्याँउदा निगमको वार्षिक रु दुई अर्ब रकम




बचत हुँदै आएको छ ।

नेपाल आयल निगम अमलेखगञ्जका प्रमुख इन्जिनियर प्रदीपकुमार यादव पेट्रोल र मट्टितेल ल्याउनका लागि आयल निगमले छुट्टै भण्डारण गृह बनाउन सुरु गर्न लागेको बताउँछन् । ‘पेट्रोल भण्डारण गृह निर्माण गर्नका लागि हामीले भारतीय निर्माण व्यवासायी कम्पनी र भारतीय आयल निगमका प्रतिनिधिसँग निरन्तर छलफल गरिरहेका छौँ’, उनी भन्छन् ।

निगमले पेट्रोलको भण्डारण गृह निर्माणका लागि शुक्रबार भारतीय निर्माण कम्पनी र भारतीय आयल निगम पटनाका प्रमुखसँग भेटेर छलफल गरेको छ । पाइपलाइन बनाएर पूर्णरूपमा प्रयोग गर्नका लागि पेट्रोल भण्डारण गृह बनाउन लागिएको इन्जिनियर यादवको भनाइ छ । उनले सन् २०२४ को जनवरीसम्म पेट्रोल भण्डारण गृह सम्पन्न गर्ने गरी काम अगाडि बढाउन लागिएको बताए ।

डिजेलका लागि भारत सरकारको अनुदानमा भण्डारण गृह निर्माण गरिदिए पनि पेट्रोल भण्डारणका लागि भने नेपाल आफैँले भण्डारण गृह बनाउन लागेको हो । त्यसका लागि एक अर्ब ५४ करोड भारतीय रूपैयाँ लाग्ने निगमले जनाएको छ । यस्तै, भारतले पनि अनुदानस्वरूप ८० करोड भारतीय रूपैयाँमा छुट्टै पेट्रोल ट्याङ्की निर्माण गरिदिने भएको छ ।

अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण भएसँगै नेपाल आयल निगमको मासिक १२ देखि १५ करोड तथा वार्षिक रु एक अर्ब ५० करोड रकम बचत हुनेछ । हाल अमलेखगञ्ज डिपोबाट डिजेल तथा पेट्रोल सङ्घीय राजधानी काठमाडौँसहित पोखरा, भैरहवा, चितवन, विराटनगरलगायतका क्षेत्रमा जाने गरेको छ ।

निगमका अमलेखगञ्ज प्रमुख यादव भारतको मोतीहारीदेखि नेपालको सर्लाहीसम्म ग्यास पाइपसमेत विस्तार गर्नेबारे परामर्श भइरहेको बताउँछन् । रु १२ अर्ब लागतमा ग्यास पाइप तथा स्टोरेजको काम हुने उहाँको भनाइ छ । नेपालबाट हाल ग्यास ढुवानी गर्दा वार्षिक रु छ अर्ब खर्च हुँदै आएको छ ।

निगम अमलेखगञ्जका मेकानिकल इन्जिनियर प्रशान्त भट्टराई निगमको अमलेखगञ्ज डिपोबाट देशको ७० प्रतिशत भूभागमा पेट्रोल, डिजेल तथा मट्टितेल जाने गरेको बताउँछन् । ‘अमलेखगञ्ज डिपोबाट दैनिक ६० लाख लीटर डिजेल तथा २० लाख लिटर पेट्रोल वितरण हुँदै आएको छ’, उनी भन्छन् । यो परियोजना सञ्चालनमा आएपछि नेपाल-भारतको रक्सौल नाकामा देखिने जामको समस्या हट्नुका साथै पेट्रोलियम पदार्थमा हुने चोरी तथा अनियमितता हटेर जाने विश्वास निगमले लिएको छ । *रासस*

## कृषि र पशुपालनको क्षेत्रमा काम गर्दै सहकारी

■ प्रभाव संवाददाता

**रेसुंगा–** सामान्य कुराकानी चलिरहेका बेला दुईचारजनाको एक समूहका बीचमा एउटा सहमति भयो । त्यो सहमति आर्थिक आवश्यकता परिपूर्तिका लागि थियो । आफू र आफ्ना नजिक भएकासँग सम्पर्क गरेर एउटा संस्था स्थापना गर्ने सल्लाह भयो ।

त्यसपछि ३१ जनाबाट सुरु भएको संस्था अहिले १४ हजारभन्दा बढीलाई आबद्ध गराउँदै छ जिल्लामा विस्तार भएको छ । बाईस वर्षअगाडि २०५७ मा गुल्मीको सदरमुकाम तम्घासमा मैत्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड स्थापना भएको थियो । यो सहकारी अहिले गुल्मी, अर्घाखाँची, पाल्पा, रूपन्देही, कपिलवस्तु र नवलपर ासीमा विस्तार भएको प्रमुख कार्यकारी अधिकृत अर्जुनप्रसाद आचार्यले जानकारी दिए ।

स्थापनाकालबाटै बचत तथा ऋण प्रवाह, दुग्ध डेरी स्थापना र लघुवित्त स्थापनाको काम सहकारीले गरेको थियो । सहकारीले तम्घास र धुर्कोटमा सुपथ पसल, बचत तथा ऋण, युवा स्वरोजगार कार्यक्रम, साना व्यवसायी रोजगार, बिना धितो ऋण प्रदान र शून्य दरमा ऋण प्रवाह लगायतका कार्यक्रम सञ्चालन गरिरहेको आचार्यले बताए ।

सहकारी अहिले कूल रु ८४ करोड पूँजीमा पुगेको छ । यसले वार्षिक एक करोड ५६ लाख आम्दानी गरेको छ । ‘सहकारी संस्थाले लगानी सोचेर र बुझेर मात्र गर्नुपर्छ’, उनी भन्छन्, ‘बचत गर्दा सुरक्षित र भरपर्दो हुने भएकाले सहकारीमै बचत गर्नु आवश्यक छ ।’ सहकारीमा अहिले छ जिल्लामा ५५ कर्मचारीले काम गरिरहेका छन् । सहकारीले तम्घासमा आफ्नै प्रशासनिक भवन बनाउँदै छ ।

अमर कल्याण बहुउद्देशीय सहकारी संस्था लिमिटेडले कृषि र पशुपालनको क्षेत्रमा उदाहरणीय काम गर्दै आएको छ । विसं २०६२ मा स्थापना भएको यो सहकारीमा आठ सय शेयर सदस्य छन् । यसको कूल पूँजी रु पाँच करोड पुगेको व्यवस्थापक अञ्जु पन्थीले जानकारी दिइन् । महिला सामुदायिक सेवा केन्द्र खोलेर सेवा दिइरहेको सहकारीले बेसार तथा मसला प्रशोधन उद्योग, सुपथ पसल सञ्चालन र लैङ्गिक हिंसामा परेकालाई न्याय दिँदै आएको व्यवस्थापक पन्थीले बताइन् ।

स्थापनाकालको छोटो समयमै चार सय ५० शेयर सदस्य आबद्ध गराएको उज्यालो सहकारी संस्था लिमिटेडले पनि अहिले आफ्नो कूल पूँजी रु छ करोड पुऱ्याएको छ । विसं २०७५ मा स्थापना भएको सो सहकारीले कृषि उपजको सङ्कलन, बजारीकरण, ऋण प्रवाह र सहुलियत कर्जा लगायतका काम गरिरहेको व्यवस्थापक नवीन अर्यालले जानकारी दिए ।

यी मात्र नभई जिल्लामा रहेका अधिकांश सहकारीले कृषि र पशुपालनको क्षेत्रमा काम गरिरहेका छन् । यसका अलावा सहकारीले बचत, ऋण प्रवाह र विभिन्न जनहितका काम पनि गरेका हुन् । जिल्ला सहकारी सङ्घ लिमिटेड गुल्मीको पछिल्लो तथ्याङ्कअनुसार जिल्लामा दुई सय ५६ सहकारी संस्था छन् । जिल्लाको रेसुङ्गा नगरपालिकामा ४१, मुसिकोट नगरपालिकामा २०, इस्मा गाउँपालिकामा १६, मालिका गाउँपालिकामा २१, मदाने गाउँपालिकामा १३, धुर्कोट गाउँपालिकामा २७, गुल्मीदरबार गाउँपालिकामा २०, छत्रकोट गाउँपालिकामा २३, रुरुक्षेत्र गाउँपालिकामा २७, कालीगण्डकी गाउँपालिकामा १५, सत्यवती गाउँपालिकामा १९ र चन्द्रकोट गाउँपालिकामा १४ सहकारी रहेको जिल्ला सहकारी सङ्घ लिमिटेड गुल्मीका कार्यक्रम संयोजक प्रकाश पन्थीले जानकारी दिए ।

जिल्ला सहकारी सङ्घमा सचिव युवराज आचार्यले गाउँगाउँमा स्थापना हुने सहकारीलाई एकताबद्ध गर्न गाह्रो भइहरहेको बताए । ‘एउटै प्रकृतिका धेरै सहकारी स्थापना हुँदा उनीहरू एकताबद्ध नभएकाले चुनौती देखिएको छ’, उनी भन्छन्, ‘कृषि र पशुपालनको क्षेत्रमा काम भएमा मात्र सहकारीको अर्थ रहन्छ ।’ किसानका उपजलाई अधिकतम मूल्यमा खरिद गरेर बजारीकरणको ग्यारेन्टी गरेमा सहकारीले सफलता प्राप्त गर्ने सचिव आचार्यले बताए ।

## वीरगञ्जमा किसानलाई गहुँ छर्न मल अभाव

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** धानबाली भित्र्याईसकेका पर्साका किसानलाई अहिले गहुँ खेतीका लागि आवश्यक रासायनिक मल अभाव भएको छ । किसान यतिखेर गहुँ खेती गर्नका लागि आवश्यक पर्ने उन्नत जातको बीउ, रासायनिक मलको जोहो र खेतको सरसफाइ तथा जोताइँमा लागेका छन् ।

गहुँ छर्ने बेलामा आवश्यक पर्ने डिएपी रासायनिक मलको अभाव कायमै छ । सरकारले हरेक जिल्लाका लागि कोटा निर्धारण गरी कृषि सामग्री कम्पनी लिमिटेड र साल्टट्रेडिङ कम्पनीलाई मल वितरणको जिम्मा दिएको थियो । कृषि सामग्री र साल्ट ट्रेडिङले कृषि सहकारी सङ्घमार्फत स्थानीय पालिकाको सिफारिसमा मल वितरण गर्दै आएको छ । मल अभावका कारण किसानलाई वितरण गर्न नसकिएको सहकारी संस्थाले जनाएको छ ।

‘हामीलाई उपलब्ध गराइएको परिमाणको मल किसानलाई बाँड्ने गरेका छौँ’, वीरगञ्ज महानगरपालिका-२८ स्थित यौङ्ग स्टार सहकारीका सञ्चालक हरिशङ्कर महतोले भने ।

गहुँबालीका लागि तत्काल आवश्यक रासायनिक मल नपाएकाले गहुँबाली लगाउन समस्या भएको किसानले गुनासो गरेका छन् । यसअघि भारतीय बजारबाट जेनतेन गरी मल ल्याउने गरेकामा अहिले भारतीय प्रहरीले ल्याउन नदिएको वीरगञ्ज-१६ का रामबालक चौरसिया बताउँछन् । मल मात्र होइन् किसानलाई गहुँको बीउसमेत अभाव भएको छ ।

यसैबीच पर्सा क्षेत्र नं १ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य प्रदीप यादवले वीरगञ्जस्थित क्षेत्रीय कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङमा पुगी सहज रूपमा किसानलाई मल उपलब्ध गराउनेबारे छलफल गरेका छन् ।

त्यसैगरी पर्सा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य अजय चौरसियाले पनि पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, वीरगञ्जस्थित क्षेत्रीय कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङका कर्मचारीहरूसित मलको अवस्थाबारे जानकारी लिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ